# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क ४७ | २०७४ जेठ १५ गते सोमबार | Monday, May 29, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## अध्यक्ष किरणद्वारा श्रद्धाञ्जली व्यक्त



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य‘किरण’ले पार्टी केन्द्रीय सदस्य टीकाराम पौडेलकी आमा देवा पौडेलको निधनबाट दुखित् भएको भन्दै दिवंगत पौडेलप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका छन् । आइतबार एक शोक वक्तव्य जारी गर्दै अध्यक्ष किरणले शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका छन् । दिवंगत देवा पौडेलको ७३ वर्षको उमेरमा जेठ ११ उपचारको क्रममा निधन भएको थियो । प्युठान जिल्लाको प्युठान नगरपालिका वडा नं. ९ निवासी देवा पौडेलका तीन छोरा र दुई छोरी छन् । पौडेलले क्रान्ति र कम्युनिष्ट आन्दोलनमा राम्रो सहयोग गर्दै आउनु भएको उल्लेख गरिएको छ ।

# ‘क्रान्तिका लागि वर्गदुश्मनको किटान अनिवार्य’




◆ **वर्गदृष्टि संवाददाता**

काठमाडौं । प्रचण्ड-बाबुरामले क्रान्तिमाथि धोका र गद्दारी गरेपछि नेपाली कम्युनिष्ट आन्दोलन तथा माओवादी आन्दोलनको क्रान्तिकारी धाराको नेतृत्व गरिरहको र अबरुद्ध क्रान्तिको प्रक्रियालाई अगाडि बढाउने तयारीमा जुटेको नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य‘ किरण’ले क्रान्तिको लागि वर्गदुश्मन किटान गरिनुपर्ने विचार व्यक्त गरेका छन् । पछिल्लो समयमा कांग्रेस, एमाले र राप्रपाकै कित्तामा उभिन पुगेको माओवादी केन्द्र र उसको तीव्र प्रतिक्रियावादीकरणतर्फ संकेत गर्दै अध्यक्ष किरणले यस्तो विचार व्यक्त गरेका हुन् ।

जनयुद्धका महान सहिद कृष्णसेन इच्छुकको १५ स्मृति दिवसको सन्दर्भ पारेर इच्छुक प्रतिष्ठान र अखिल नेपाल जनसाँस्कृतिक महासंघले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष किरणले माकेको बढ्दो प्रतिक्रियावादीकरण र दलालीकरणतर्फ इंगित गर्दै आफूलाई रूपान्तरण गरेर जनताको पक्षमा नउभिए माओवादी केन्द्र पनि अबको क्रान्तिको निशानामा पर्न सक्ने चेतावानी दिए ।

सामन्तवाद र साम्राज्यवाद नयाँ जनवादी क्रान्तिका मुख्य वर्गदुश्मन बताउँदै आएको क्रान्तिकारी माओवादीका अध्यक्ष किरणले क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन वर्गदुश्मनको किटान जरुरी रहेको भन्दै विभिन्न धारामा विभाजित क्रान्तिकारीहरूलाई यस विषयमा बहस गर्न पनि आग्रह गरे ।

नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको फौजी कार्यदिशाको वकालत गर्दै आएको क्रान्तिकारी माओवादीले आगामी पार्टी राष्ट्रिय सम्मेलनबाट त्यसलाई अझ ठोस, मूर्तिकृत र समृद्ध पार्ने बताउँदै आएको पृष्ठभूमिमा अध्यक्ष बैद्यले वर्गदुश्मनको किटानीका सन्दर्भमा व्यक्त गरेको विचारबाट माओवादीवृतमा तरंग सिर्जना भएको छ । र, कतिपय मिडियाहरूले यो विषयलाई उल्टोगरी प्रचार पनि गर्न भ्याएका छन् ।

अध्यक्ष किरणले नेपाली जनवादी क्रान्तिको साँचो आदर्श अझै नखलबलिएको दावी गर्दै इच्छुक जस्ता सहिदको आदर्शबाट क्रान्तिकारीहरूले धेरै कुरा सिक्नुपर्ने पनि बताएका छन् ।

उनले नेपालका माओवादीहरू विभिन्न धारामा विभाजित भएको प्रसंग उल्लेख गर्दै विचारमा आएको स्खलनका कारण आन्दोलन विभाजित हुन पुगेको र नेपालमा जनवादी क्रान्तिलाई पूर्णता दिनका लागि आफूहरू लागिपरेको पनि स्पष्ट पारे ।

केहीले निरपेक्ष एकताको कुरा गर्ने गरेको उल्लेख गर्दै उनले भने, ‘ एकताका लागि ... बाँकी ७ पेजमा

## भण्डाफोर र संगठनको आधार नै मुख्य उपलब्धि : *देजमो*



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले एक प्रेस नोट जारी गर्दै स्थानीय तहको पहिलो चरणको निर्वाचनको क्रान्तिकारी उपयोगको क्रममा मोर्चाका नेता कार्यकर्ताले प्रतिक्रियावादी तत्वहरूको भण्डाफोर गर्दै संगठनको आधार तयार पार्न खेलेको भूमिकालाई मुख्य उपलब्धि भएको उल्लेख गरेका छन् । जेठ १० अर्थात् बुधबार जारी प्रेस नोटमा अध्यक्ष गजुरेलले यस्तो दाबी गरेको हुन् ।

अध्यक्ष गजुरेलले जारी गरेको प्रेस नोटमा देजमोका उम्मेदवारहरूलाई विजयी गराउने जनसमुदाय माथि हार्दिक आभार व्यक्त गरेका छन् भने विजयी उम्मेद्वारलाई बधाई ज्ञापन गर्दै सबै उम्मेद्वारहरू प्रति हार्दिक सम्मान व्यक्त गरेका छन् ।

**यस्तो छ प्रेस नोटको पूर्णपाठः**

“भर्खरै भएको ‘स्थानीय तहको निर्वाचन’मा हारजीतको जुन परिणाम बाहिर आएको छ यो अपेक्षित नै थियो । पश्चगामी संविधान अन्तर्गत प्रतिक्रियावादी व्यवस्थाले प्रतिपक्षी दलहरूलाई दल दर्ता नै नगर्ने र चुनाव चिन्ह समेत नदिने गरी आयोजित यो कथित निर्वाचनबाट यस भन्दा भिन्न प्रकारको परिणामको अपेक्षा गर्न पनि सकिन्नथ्यो । हाम्रो मोर्चाले यो निर्वाचनको क्रान्तिकारी उपयोगको नीति अनुसार तलैसम्म कमजोर भएको संगठनको आधार निर्माण गर्ने र प्रतिक्रियावादी तत्वहरूको भण्डाफोर गर्ने काम जुन सम्पन्न गरेको छ त्यसैलाई यसको मुख्य उपलब्धीको रूपमा लिएको छ । यति धेरै प्रतिकुलताका विचमा पनि हाम्रो मोर्चाका केहि उम्मेदवारहरूलाई केही स्थानमा विजयी गराउने र मतदान गर्ने आदरणीय जनता प्रति हार्दिक आभार व्यक्त गर्दछौं र विजय हासिल गर्ने साथीहरूलाई हार्दिक वधाई तथा उम्मेदवार बन्नुभएका सम्पूर्ण साथीहरू प्रति सम्मान व्यक्त गर्न चाहन्छौं । हुन लागेको दोश्रो चरणको निर्वाचनमा तुलनात्मक किसिमले बढि सफलता हासिल गर्ने अपेक्षा समेत गरेका छौं ।”

# क्रान्तिकारी पत्रकारहरूले मनाए इच्छुक स्मृति दिवस




काठमाडौं । जनपक्षीय कवि, सांस्कृतिककर्मी तथा पत्रकार कृष्ण सेन ‘इच्छुक’ को १५ औं स्मृति दिवस माओवादी धाराका पत्रकारहरू संयुक्त रूपमा मनाएका छन् । इच्छुक स्मृति दिवसका सन्दर्भमा काठमाडौंको नयाँ बानेश्वरबाट सुरु भएको प्रभातफेरी माइतघर मण्डलामा पुगेर कोणसभामा परिणत भएको थियो । प्रभातफेरीमा नेपाल पत्रकार महासंघ, क्रान्तिकारी पत्रकार महासंघ, प्रेस सेन्टर, क्रान्तिकारी पत्रकार संगठन र प्रेस सोसाइटीआबद्ध पत्रकारहरूको ... बाँकी ७ पेजमा

# भण्डाफोरको नीति आंशिक सफल : किरण

● **वर्गदृष्टि संवाददाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य ‘किरण’ ले निर्वाचन उपयोगमार्फत पार्टीले लिएको भण्डाफोरको नीतिमा आंशिक रूपमा सफल भएको बताएका छन् ।

नेवाः राज्य कार्यालय कुपण्डोलमा शुक्रबार उपत्यकाका उम्मेदवारलाई बधाई दिन आयोजित अन्तर्क्रियात्मक कार्यक्रममा बोल्दै उनले पार्टीले चुनावको उपयोगमार्फत प्रतिगामी संविधानको



भण्डाफोर तथा जनअधिकार स्थापनाका लागि लिएको कार्यनीति कतिपय ठाउँमा प्रभावकारी रूपमा अघि बढेको र केही स्थानमा त्यसले गति लिन नसकेको उल्लेख गरे ।

अध्यक्ष किरणले संसदीय परिपाटीमा हुने निर्वाचनमा क्रान्तिकारीले भण्डाफोरको नीति लिएर निर्वाचनमा जानुपर्ने उल्लेख गर्दै यस्ता निर्वाचनमा क्रान्तिकारीहरूले मूलभुत रूपमा जित्ने अवस्था कमजोर नै हुने उल्लेख गरे ।

उनले अहिले आएको परिणामले क्रान्तिकारीहरू निराश हुनुपर्ने कुनै कारण नरहेको ... बाँकी ७ पेजमा

## भारतमा जिका भाइरसको संक्रमण



एजेन्सी । भारतमा पहिलो पटक जिका भाइरसको संक्रमण पुष्टि भएको छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले गुजरातको अहमदाबादमा जिका भाइरसको तीन वटा घटना पुर्ष्टि भएको हो । यसमध्ये एक जना गर्भवती महिला रहेकी छन् । यी तीन वटा मध्ये, एउटा गत वर्षको फेब्रुअरी, दोस्रो नोभेम्बर र तेस्रो यही वर्षको जनवरीको घटना भएको जनाइएको छ । डब्लुएचओले यी तिनवटा जिका संक्रमण पुष्टि भएपनि भारत भ्रमणमा कुनै चेतावनी जारी गरेको छैन ।

यद्यपि डब्लुएचओले यी तीन वटै संक्रमण पुष्टि हुनु आफैंमा महत्वपूर्ण कुरा भएको र यसले पहिलो पटक भारतमा जीका भाइरसको संक्रमण पुष्टि भएको उल्लेख गरेको छ । डब्लु एचओले एक विज्ञप्ति जारी गर्दै भनेको छ, ‘यी तथ्यबाट जिका भाइरसको प्रसार भएको पुष्टि ... बाँकी ७ पेजमा

# साँस्कृतिक बलिदान दिवस र इच्छुकको स्मृति सन्देश

जेठ १३ गते साँस्कृतिक वलिदान दिवस हो । यो दिन त्यो दिन हो जुन दिन कृष्ण सेन ‘इच्छुक’लाई हिरासतमा हत्या गरियो । मानवता, मानवीय मूल्य, सम्वेदना र मानव चेतना समेतको ख्याल नगरी मानव अस्तित्वको खिलाफ गर्दै पुलिस क्लबमा पुलिसले कठोर र जघन्य यातनापूर्वक सेनको हत्या गरे । त्यहाँ क्रूरता,निर्ममता, जघन्यता, अमानवीयता प्रयोग भयो । सेन कलम चलाउने मान्छे थिए, बन्दुक होइन । तर बन्दुकले मात्र समाजको वर्ग चरित्र बदलिन्छ भन्ने विचार प्रवाह गर्थे,विश्वास गर्थे । जसका कारण उनलाई एकपटक जेलमा बन्द राखेर टाउकाको मोल तोकियो, अर्को पटक हिरासतमा जेलनेल हत्कडीले बाँधिराखेको बेलामा हत्या गरियो र त्यसैलाई ठूलो पुरुषार्थ भनियो । हातखुट्टा बाँधेर चौखुऱ्याएको प्राणीलाई हत्या गर्नुमा कुनै पुरुषत्व होइन कायरता र नीचता मात्र छचल्किन्छ । मान्छे पशुभन्दा पनि नृशंस र विवेकहीन भएपछि जेलमा वन्दी बनाइएका मान्छेको टाउको काट्न र चौखुऱ्याएका मान्छेको हत्या गरेर पुरुषार्थी बन्न पछि नपर्ने रहेछ । सम्भवतः सबभन्दा राम्रो प्राणी मान्छे हो र सम्भवतः सबभन्दा नराम्रो प्राणी पनि मान्छे नै हो ।

**कृष्ण सेनको हत्या गरिएको दिनलाई साँस्कृतिक बलिदान दिवसका रूपमा मनाइँदै आएको छ । जनयुद्धका सहिदहरू बिर्सिइँदै गएका छन् । काँग्रेस र एमालेले त तिनै सहिदको रगतको आर्जन उपभोग गर्दै तिनै सहिद र उनको वलिदानलाई अपमान गर्ने, घृणा गर्ने, दुत्कार्ने र हियाउने गरेकै छन् ।**



● **ईश्वरचन्द्र ज्ञवाली**

कृष्ण सेनको हत्या गरिएको दिनलाई साँस्कृतिक बलिदान दिवसका रूपमा मनाइँदै आएको छ । जनयुद्धका सहिदहरू बिर्सिइँदै गएका छन् । काँग्रेस र एमालेले त तिनै सहिदको रगतको आर्जन उपभोग गर्दै तिनै सहिद र उनको वलिदानलाई अपमान गर्ने, घृणा गर्ने, दुत्कार्ने र हियाउने गरेकै छन् । तिनै जनयुद्धका सहिदले ल्याएको गणतन्त्रको सिनो लुछ्न गिद्धले झैं हानथाप गर्नेहरू तिनैलाई अपमान गर्ने कृतघ्नताको बाटो लिएर वलिदान गर्नुपर्छ भन्ने भावनालाई नै मारिरहेका छन् । तर सेनकै पार्टीका नेताहरूले पनि सेनमाथि धुलो खन्याउने र पुर्ने गर्न थालेका छन् । यस स्थितिमा वलिदानको स्मृति झैं सेनलाई सम्झनु पनि गर्वको विषय भएको छ । तसर्थ यो १३ गते ऐतिहासिक दिन हो र इतिहासको गर्वोन्नत उदात्त आलोक छरिएको दिन पनि हो । यस दिनलाई २५० जति साँस्कृतिक सहिदहरूको त्यागमा सम्मान गर्ने दिन पनि मानिन्छ । यसैले साँस्कृतिक वलिदान दिवस, इच्छुकको हत्या गरिएको दिन पारेर सबै साँस्कृतिक सहिदलाई श्रद्धा र सम्मान अर्पण गर्ने दिन मानिएको छ । यो जनयुद्धका आदर्श र त्याग, वलिदान र विचार निष्ठाप्रति प्रतिवद्ध रहँदै अग्रगामी ... बाँकी ७ पेजमा

## सम्पादकीय

# कृष्णसेन 'इच्छुक'का हत्यारालाई तत्काल कारबाही गर !

जेठ १३, ०७४ मा नेपालमा र विदेशमा पनि महान सहिद कृष्णसेन 'इच्छुक'को १५ औं स्मृति दिवस मनाइयो । यसपटक पनि सबैतिरबाट उही आवाज निस्कियो- 'कृष्णसेनका हत्यारालाई तत्काल कारबाही गर !' सेनकी जीवनसंगिनी तक्मा केसीले यसपटक पनि गहभरि आँसु पारेर भावुक हुँदै प्रश्न गर्नुभयो- 'सेन जीका हत्याराहरूलाई किन कारबाही भएन ?'

०५९ जेठ १३ मा कृष्णसेन इच्छुकलाई महेन्द्र पुलिस क्लबमा प्रहरी हिरासतमा नै कुटीकुटी हत्या गरिएको थियो । उहाँ तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा संचालित महान जनयुद्धको पक्षमा वकालत गर्ने कलिमवीर हुनुहुन्थ्यो । उहाँलाई कविता, अन्य साहित्यिक रचना र समाचारमार्फत् तत्कालीन जनयुद्धलाई सहयोग पुऱ्याएको नाममा पटक पटक जेल हालियो र अन्ततः हत्या गरियो । सेनले श्रमजीवि शोषित उत्पीडित जनवर्गको मुक्तिका खातिर तत्कालीन फासिवादी शासकको सबै यातनाका दस्तावेजहरूका सगर्व हस्ताक्षर गर्नुभयो तर जनवर्ग मुक्तिको महान अभियानलाई धोका दिएर जीवनको भीख माग्नु भएन । उहाँकै बलिदानको जग र बलमा तत्कालीन जनयुद्धका शीर्ष तहका नेताहरू (प्रचण्ड, बाबुराम) तीन पटक देशको प्रधानमन्त्री भए, उहाँका सहयोद्धाहरू पटकौंसम्म मन्त्री भए । तर उहाँलाई कुटीकुटी हत्या गर्ने हत्याराहरू कारबाहीको दायरामा आएनन्, ल्याइएन । बरु पुरस्कृत गरियो । प्रचण्ड बाबुरामहरूले किन कारबाही गरेनन् सेनका हत्याराहरूलाई ? गम्भीर प्रश्न खडा भएको छ । सेनमाथि यो भन्दा ठूलो अपमान के हुन सक्छ ?

सेनको शब्द र कर्मको प्रशंसा गरेर मात्र सेनप्रतिको सम्मान हुँदैन । उहाँका सपना र आदर्शलाई जीवन पद्धति बनाउन सक्नु र ती महान सपना र आदर्श प्राप्तिको क्रान्तिकारी आन्दोलनमा समर्पित भएर लाग्न सकेमा मात्र सेनप्रतिको सच्चा सम्मान हुन्छ । त्यसको अहिले खडेरी परेको छ ।

प्रचण्ड नेतृत्वको माओवादी केन्द्र सेनहरूको सपनाको हत्या गर्दै संसदवादको आहालमा चुर्लुम्म डुब्न पुगेको छ । प्रतिक्रियावादीहरूको अपवित्र साँठगाँठका कारण उ तीव्र प्रतिक्रियावादीकरणको दिशामा उन्मुख छ । अब उसले सेनसहित जनयुद्धका महान सहिदहरूको सपना र आदर्शलाई बोक्न र त्यसलाई संस्थागत गर्न सक्दैन । र, उसले त्यसको नैतिक धरातल पनि गुमाउँदै गएको छ । बाबुराम भट्टराईले त माओवादी आन्दोलनसँग नै सम्बन्ध विच्छेद् गरिसकेपछि सेनका विचार, सपना र आदर्शलाई पछ्याउने कुरै भएन । विप्लव नेतृत्वको नेकपा पनि यही दिशातर्फ उन्मुख देखिन्छ । वर्तमानमा सेनको विचार, सपना र आदर्शलाई पछ्याइरहेको भनेको मोहन वैद्य' किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले मात्र देखिन्छ । यसले इमान्दारितापूर्वक सेन लगायत जनयुद्धमा महान सहिदहरू, जसले जुन राज्यव्यवस्थाको स्थापनाका निम्ति अमूल्य जीवनको हाँसी हाँसी बलिदान गरे, त्यही राज्यव्यवस्था स्थापनार्थ फेरि अर्को क्रान्तिको तयारीमा जुटिरहेको छ ।

वर्तमान सत्ता, व्यवस्था र संविधानको चरित्र प्रतिक्रियावादी छ । यही वर्गचरित्रका कारण प्रचण्ड बाबुरामहरूले प्रधानमन्त्री हुँदा पनि सेनका हत्याराहरूलाई कारबाही गर्ने ल्याकत राखेनन् र हजारौं वेपत्ता योद्धाहरूको स्थिति सार्वजनिक गर्न सकेनन् । अब सेनहरूको हत्यारालाई जनताको कठघरामा उभ्याउन जरुरी छ । जनताले नै ती हत्याराहरूमाथि कारबाही गर्ने परिस्थितिको विकास गर्न जरुरी छ । यो समयको माग बनेर अगाडि आएको छ ।

तर विडम्बना ! जीवन व्यवहारमा माओवादी विचार, सिद्धान्त, आदर्श, नैतिकता, मूल्य र मान्यता त्यागिसकेका तर आफूलाई माओवादी भनेर आम जनतामा भ्रम छरिरहेकाहरूमा जनयुद्धका सहिद, ती महान सपना र आदर्शप्रति संवेदना हराएर गएको छ । यसर्थ, अब नक्कली माओवादीहरू र सक्कली माओवादीहरूको कित्ता छुट्टिन जरुरी छ । इतिहासको व्याज खाएर माओवादीको नाममा जनघात र राष्ट्रघातको चाङ लगाउने र विगत जनयुद्धको महान सपना, विचार र आदर्शलाई इमान्दारितापूर्वक बोकेर हिड्ने माओवादीहरूलाई एउटै अर्थमा बुझ्ने स्थितिको अन्त गर्न जरुरी छ । सक्कली माओवादीलाई ओझेलमा पार्न र सिध्याउन नक्कली माओवादीहरू नै प्रमुख दुश्मन बनेर अगाडि आइरहेका छन् । यस्ताबाट इच्छुकलगायत जनयुद्धका सहिदहरूप्रति सम्मान हुने अपेक्षा राख्नु भनेको ठूलो भूलबाहेक अरु केही हुँदैन । सेनहरूको सपना र आदर्श चुम्न सच्चा क्रान्तिकारी माओवादीहरू एक ठाउँमा आएर नयाँ जनवादी क्रान्तिको कार्यभारलाई ठोस परिस्थितिको ठोस विश्लेषणको आधारमा रणनीति र कार्यनीतिको विकास गरेर अगाडि लैजाने संकल्प गर्नुपर्दछ । यो नै सेनप्रतिको सच्चा सम्मान र सच्चा श्रद्धाञ्जली हुनेछ ।


परिवर्तनको सम्वाहक





सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।

www.moolbato.com


# चुनाव र चुनावी परिणामलाई क्रान्तिकारीहरूले कसरी बुझ्ने ?



● प्रेम सुवेदी ●

पहिलो चरणको स्थानीय तहको निर्वाचन मूलभूत रूपमा सम्पन्न भएको छ । निर्वाचनको परिणाम मूलतः यथास्थितिवादी शक्तिको पोल्टामा गएका कारण जनताका आधारभूत समस्याहरू यो निर्वाचनले हल गर्न नसक्ने कुरा पनि प्रष्ट छ । संसदीय प्रणालीअन्तर्गत हुने निर्वाचनको जनमतलाई प्रभाव पार्ने मुख्य साधन मनी र मशल नै रहेछ भन्ने कुरा पनि यो निर्वाचनले राम्ररी उजागर गरेको छ । सामान्य मान्छेहरूको हकमा यो निर्वाचनमा उम्मेदवार बन्ने कुरा आफैंमा अग्लो पहाड चढ्नुजस्तो नै भयो । निर्वाचनले दिएको जनमतलाई हेर्दा देशको राजनीतिमा त्यसले कुनै भौतिक परिवर्तन नआउने कुरा निश्चित छ ।

वर्तमान सत्ता गठबन्धन पार्टी तथा प्रमुख प्रतिपक्षले यसरी विगतदेखि भागबण्डालाई आफ्नो मुख्य आदर्श बनाउँदै आए । यो निर्वाचनलाई एक पटक फेरि त्यो मान्यतालाई निरन्तरता दिएको छ । निर्वाचनका सन्दर्भमा संसदीय पार्टीहरूले जुन प्रकारको आश्वासन जनतालाई बाँढेका छन्, त्यो कुरा कार्यान्वयन गर्ने ल्याकत उनीहरूले राख्ने छैनन् र निर्वाचनपछि अरु अन्तर्विरोध बढ्दै जाने कुरा निश्चित छ । जनताका आधारभूत समस्यालाई भन्दा आफ्ना निहित स्वार्थलाई केन्द्रमा राख्ने जुन परम्परा रहँदै आएको छ, त्यो प्रवृत्तिले समाज तथा जनताको जीवनमा तात्कालिक आन्तर आउँदैन । बरु हिजो केन्द्रिकृत राज्य प्रणालीमा हुने भ्रष्टाचारलाई फराकिलो बनाउँदै स्थानीय तहसम्म त्यसको विस्तार हुने नै देखिन्छ । त्यसको अर्थ संघीय प्रणालीभन्दा एकात्मक तथा केन्द्रिकृत शासन प्रणाली ठीक थियो भन्ने होइन । संसदीय पार्टीहरूको जुन चरित्र छ, त्यसले मूलतः एकात्मक वा संघात्मक जस्तोसुकै शासन प्रणाली भएपनि उनीहरू जनता र समाजको परिवर्तनलाई भन्दा आफ्ना निहीत स्वार्थलाई केन्द्रमा राख्ने भएकाले विद्यमान समाजको अन्तर्विरोधहरू बढ्दै जाने र जनताका अगाडि संघर्ष गर्नुको विकल्प अरु रहने छैन ।

अहिलेको स्थानीय निर्वाचनमा भएको संस्थागत धाँधलीले यो निर्वाचनको वैधतामाथि गम्भीर प्रश्न उठाएको छ । निर्वाचनमा जनमत प्राप्त गर्ने स्वतन्त्र भूमिकालाई उपेक्षा गरेर जसरी संसदमा रहेका बाहेकका पार्टीलाई निर्वाचन चिन्ह नदिने षड्यन्त्र गरियो, त्यो नै संस्थागत धाँधलीको यथेस्ट प्रमाण हो । दलीय व्यवस्थामा दलहरू निर्वाचनमा सहभागी हुँदा निर्वाध रूपमा आफ्नो चिन्ह सहित जनतामा जाने अधिकारलाई मौलिक हकको रूपमा लिइन्छ । तर, यो निर्वाचनमा त्यो अधिकारलाई प्रतिबन्ध नै लगाइयो । त्यसले नै पुष्टि गर्दछ कि निर्वाचन निश्पक्ष र धाँधलीरहित हुन सकेन । त्यतिमात्र होइन सम्बन्धित तहको निर्वाचनमा रहेका उम्मेदवारका आधारमा नै मतपत्र तयार गर्ने आम मान्यता हो । त्यो मान्यतालाई समेत यो निर्वाचनले अवलम्बन गर्न सकेन । तसर्थ यो निर्वाचन नीतिगत र प्राविधिक दुवै हिसाबले निश्पक्ष हुन सकेन । यस प्रकारको पृष्ठभूमिमा सम्पन्न निर्वाचनको मूल्यांकन कुन आधारमा गर्ने आफैमा एउटा गम्भीर विषय बनेको छ । जहाँसम्म जनमतको कुरा छ, त्यसलाई स्वीकार गर्दा उपरोक्त तथ्यहरूमा हाम्रो ध्यान पुग्न जरुरी छ । निर्वाचन आयोगले आफूले निश्चित गरेको आचारसंहिता समेत उल्लंघन हुँदा सत्ताको छायाँमा रमिते बन्ने बाहेक अरु केही गर्न नसकेको कुरा स्पष्ट छ । त्यसैले यो निर्वाचनको परिणामको आधारमा मात्रै समग्र पक्षको मूल्यांकन हुन सक्दैन ।

निर्वाचनको समग्र पक्षहरू नीतिगत विषयहरू, प्राविधिक पक्ष र त्यो सँग जोडिएका व्यवहारिक प्रश्नलाई पन्छाएर मात्र परिणामलाई आधार बनाउने कुरा त्यति सहि हुँदैन । तर, निर्वाचनको निर्णायक पक्ष भने परिणाम नै मानिन्छ । अहिलेको परिणामलाई हेर्दा उपरोक्त लक्ष्यहरूप्रति पनि ध्यान दिन जरुरी दिन जरुरी छ । सामान्यतः निर्वाचनमा कसले के एजेन्डा ल्याएको थियो र कुन एजेन्डाले जित्यो भन्ने कुरा विश्वप्यापी मान्यता हुन्छ । तर अहिलेको स्थानीय निर्वाचनले त्यो मान्यतालाई पनि अख्तियार गर्न सकेन । विपरीत एजेन्डा बोकेका पार्टीहरूको एलायन्सले ती सबै कुरालाई भुत्ते बनाइदियो । जस्तो, राजतन्त्रको वकालत गर्दै संवैधानिक राजतन्त्रको एजेन्डा बोक्ने शक्ति र गणतन्त्रलाई संस्थागत गर्ने एजेन्डालाई मुख्य एजेन्डा बोक्ने शक्तिका बिचको तालमेल वा एकताले सम्बन्धित पार्टीहरूको एजेन्डा नै के हो भन्ने कुरा नै स्पष्ट भएन । ठीक त्यस्तै पहिचानसहितको संघीयताको वकालत गर्ने र त्यसको धुरन्धर विरोध गर्ने शक्तिहरूबीचको एकता वा तालमेललाई पनि त्यस्तै बिना उद्देश्यको एकता वा तालमेल देखियो । यी लगायत अन्य सैद्धान्तिक, वैचारिक तथा व्यवहारिक प्रश्नलाई एकातिर पन्छाएर तात्कालिक लाभका लागि जे पनि गर्ने र जो सुकैसँग पनि मिल्ने कुराले विचारधारात्मक राजनीतिको पाटो धेरै ओझेलमा परेको देखियो । यो निर्वाचनमा मुख्यतः निष्ठाको राजनीतिलाई पराजित गर्न धेरै हत्कण्डाहरूको प्रयोग गरियो । त्यसैले यो निर्वाचनको परिणामले समग्र पक्षको प्रतिनिधित्व गर्ने नसक्ने कुरा स्पष्ट छ ।

निर्वाचनका क्रममा सत्तासिन तथा अरु संसदीय पार्टीहरूले जे जस्ता आश्वासन बाँडे, ती पूरा हुने र जनता वास्तविक अर्थमा अधिकार सम्पन्न हुने भएसम्म पनि हाम्रो विरोध र संघर्षको औचित्य रहने छैन । तर ती सबै कुरा भ्रमजाल मात्र भएकाले हाम्रो विरोध र भन्डाफोर नै भविष्य बन्ने कुरा निश्चित छ । तसर्थ यो निर्वाचनलाई सम्पूर्ण उपलब्धि ठान्ने पार्टीहरू दिनप्रतिदिन कमजोर हुँदै जानेछन् र जनताले परिवर्तनको पक्षमा आफूलाई उभ्याउने छन् । यो ऐतिहासिक तथ्यलाई केन्द्रमा राखेर नै यो निर्वाचनको मूल्यांकन गर्न जरुरी छ । सामान्य रूपमा विगतका निर्वाचन भन्दा यो निर्वाचनमा संरचनागत मान्यता बदलिए पनि प्रवृतिगत मान्यता र परिणाम यथास्थितिवादी नै रह्यो । यी सबै कुराका आधारमा नै निर्वाचन कस्तो भयो भन्ने सहज उत्तर खोज्न सकिन्छ । अहिलेको निर्वाचनले अर्को एउटा पक्ष पनि बढी सतहमा आएको छ, त्यो हो देशको सार्वभौम सत्ताको रक्षा हुन सक्छ कि सक्दैन ? यो ज्यादै गम्भीर विषय हो । मुलुकको एउटा क्षेत्रमा निर्वाचन हुने र अर्को क्षेत्रमा निर्वाचनको वातावरण बन्न नसक्नु सामान्य विषय होइन । कतै यो निर्वाचन नै मुलुकको सार्वभौम सत्ताको विभाजनको कारण त बन्ने होइन ? यो प्रश्न गम्भीर रूपमा उठेको छ । तसर्थ देशको सार्वभौमिकता, क्षेत्रीय अखण्डता, स्वाभिमान र स्वाधीनताका साथ जनताका जनजीविका तथा जनअधिकारलाई केन्द्रमा राखेर हेर्न जरुरी छ । जहाँसम्म पहिलो चरणको निर्वाचनको कुरा छ, त्यसमा जनताको सहभागिताका साथ सफल भएको कुरालाई स्विकार्नुको अर्थ समग्रमा यो निर्वाचन सफल भयो भन्न सकिन्न । कुनै काम सम्पन्न हुनु र सफल हुनु एउटै कुरा होइन । त्यसैले यो निर्वाचनले दिएको मतपरिणाम त्यो सँग जोडिएका विषय र यसले पार्ने प्रभावका बारेमा मूल्यांकन हुँदै जानेछ ।

तसर्थ अहिलेको निर्वाचनमा प्राप्त जनमतलाई मात्र आधार बनाएर होइन, समग्र समाजको अन्तर्विरोध तथा अर्थनीति, त्यसले उत्पन्न गरेका समस्याहरू, राजनीतिक शक्तिहरूको भूमिका लगायतका विषयमा हाम्रो ध्यान जान जरुरी छ । यो निर्वाचनले उपरोक्त प्रकारका अन्तर्विरोधको समाधानभन्दा अरु बढाएर लैजाने कुरा निश्चित छ । त्यो अन्तर्विरोधको समाधान विद्यमान संसदीय व्यवस्थाद्वारा नहुने भएकाले त्यसको समाधानतर्फ नै हाम्रो मुख्य ध्यान जानुपर्दछ । सामान्यतः निर्वाचनलाई लोकतन्त्रको आधारभूत मान्यता भन्ने चलन रहेपनि सहि अर्थमा सत्ताको चरित्रसँग निर्वाचन अन्तर-सम्बन्धित रहने भएकाले जुन वर्गको सत्ता हुन्छ, निर्वाचनको परिणाम पनि त्यसकै पक्षमा हुन्छ भन्ने कुरालाई भुल्न मिल्दैन । अहिलेको सत्ता र निर्वाचनको परिणाम त्यसको रिफ्लेक्सन मात्र हो ।

## झर्रोटर्रो

# आत्मोक्ति

कैलुब्राह

हजुर म एकलकाटे ढेँडु । म कोही कसैसँग पनि मिल्दिन । मेरो ब्रह्मले कसैसँग नमिल भन्छ । नमिल्ने भएकैले मलाई साना ठूला, भूरेभारे सबैले चिन्दछन् पनि । चिन्नेहरूले पहिला पहिला त मेरो खुवै प्रशंसा गर्छन्, जब मलाई नजिकैबाट चिन्छन् र मेरो एकलकाटे व्यहोरा थाहा पाउँछन् तब मलाई विरोध गर्न सुरु गर्छन् । मेरो नाम घोक्सीखोले । घोक्सीखोला जन्मिएको हुनाले नाम पनि त्यसै अनुसारको भयो । अहिले म त्यहाँ बस्दिन । त्यहाँबाट मेरो परिवार विराट राजाले राज्य गरेको थलातिर सरो । त्यता सरेपछि मेरो वर्गको पारो पनि माथितिर चढो । वर्गको पारो चढेपछि मैले पढ्न लेख्न पाएँ । मैले नेपाल मण्डलमा हुने पढाइको अन्तिम तलामा पनि पुगिसकेको छु । अर्थात् नामको अगाडि उपाधी चढाउन पाउने विद्या पाइसकेको छु । त्यता छँदा मैले सरकारी सुलसुले पदको जागिर पनि खाएँ । जागिर खाँदाखाँदै मलाई कुन्नि केको सनक चढो । सनक चढेपछि मार्क्स बुढालाई पढ्ने मन लागो । सात समुन्द्र पारि जन्मिएर उहिल्यै मरिसकेका बुढाले संसारै थर्काउने विचार के निकालेका रछन् त भन्ने कुतकुती लागो । उनकै विचारले संसारका गरिवगुरुवा जुटेर सामन्त, फटाहा, शोषक, जालि र धूर्तहरूको साम्राज्य हल्लाउने जुलुस निकाल्न थाले । त्यो विचार हाम्रा मण्डलतिर पनि कान्तिपुरी नगरीको खाल्टोमा बस्ने चार थान नेवारका ठिटाहरूले भित्र्याए । के रछ त्यो गरिबलाई लठ्याउने मोहिनी विद्या ? जान्न मन लागो ।

मार्क्स बुढालाई राम्रैसँग पढेँ । त्यसपछि एङ्गेल्स, लेनिन, माओ, स्टालिन सबैलाई मसिनोगरि पढिसिध्याएँ । तर मेरो पढ्ने काम मात्रै भो । अब पढाईअन्सारको कमाई पनि गर्नु परो भनेर किर्तिपुरको कलेजतिर लागेँ । सुलसुलेको जागिरसागिर छोडेर मास्टरी गर्न थालेँ । मलाई मैले जति मार्क्सलाई यो दुनियाँमा कसैले पढेका छैनन् भन्ने लागो । अझ बुर्जुवाहरूलाई त झन् मार्क्स भनेका 'कालो अक्षर भैँसी बराबर' । त्यसपछि त मैले सबैलाई ह्याकुलाले मिचेर कडा थुतुनो चलाउन थालेँ । मेरो थुतुनो र मेरो पढाइबाट दच्किएर बुर्जुवाले मलाई प्रमोशनै गरिदिएनन् । नगरे पनि के नाप्छन् र भनेर म पनि के कम ? कसैसँग झुकिन । मार्क्सको विद्याले मलाई नझुक्नै सिकाथ्यो क्यारे ।

म घोक्सीखोले । मेरो थुतुनो असाध्यै छुच्चो छ । मेरो कलमको त झन् के कुरा गर्नु र ? जब मेरो कलम चल्न थाल्छ तब यो ब्रह्माण्डैमा म जति ठूलो कोही छैन भन्ने लाग्छ । छन पनि छैनन् कि क्या हो ? नत्र कसै न कसैले मेरो कलमको प्रतिवाद गर्नु पर्ने । मलाई वाद प्रतिवादमा रमाउन असाध्यै रमाइलो लाग्छ । कसैले छिसिक्क विरोध मात्रै गरो कि म त्यसको छाला यसरी काढ्थेँ कि छाला तान्दा तान्दै मासु नै लुछेर हड्डी मात्रै देखाइदिने थिएँ । मेरो कलम र थुतुनोको गजबको विशेषता छ । यस्तो विशेषता दुनियाँमा कसैको पनि छैन । म आफूलाई मार्क्स बुढाको अब्बल दर्जाको अनुयायी ठान्छु । त्यसो भएपछि त म गरिवगुरुवाको पक्षमा लाग्नु पर्थ्यो । तर मलाई यी गरिबगुरुवाहरू गँवार लाग्छन् । यिनले खाने-प्युने, सुत्ने-उठ्ने, हग्ने-मुत्ने क्यै तरिका राम्रो लाग्दैन । जब मलाई यो कुरा मन पर्दैन तव मेरो थुतुनो सक्सकाएर आउँछ । कलम समाएर यिनका विरुद्ध छाद्न सुरु गरिहाल्छु । मैले अहिलेसम्म जति पनि कलम चलाएको छु यिनकै विरुद्ध चलाएको छु । बुर्जुवा त आफै छ्याङ्ग देखिएको हुन्छ त्यसका विरुद्ध किन लेख्नु परो ? लेख्ने त यिनै गरिबगुरुवाहरूका विरुद्ध पो हो भन्ने मेरो दर्शनले भन्छ ।

म मार्क्स बुढाको राजनीति भन्दा दर्शन र साहित्य बढ्ता मन पर्छ । राजनीतिले गरिबगुरुवाका पक्षमा लड भन्छ । साहित्यमा त लेखे मात्रै पुग्छ । लड्न त जस्लाई आवश्यक पर्छ उही लड्छ । हाम्रो उखान पनि त छ 'जस्लाई तिर्खा लाग्छ उही खोला झर्छ' । मलाई के खाँचो परो र खोला झर्न । मास्टरी पेन्सन आएकै छ । स्वास्नीले पनि कमाएकै छ । छोराहरू कुइरेका देशतिर कमाइ गरेर उतैका रैथाने भएका छन् । सहराँ बसेकै छु । त्यसैले मेरो काम भनेको बुद्धिको विलास गर्ने र सबैलाई कलमको डण्डा लगाएर ठटाउने हो । यसैमा मलाई गजबको आनन्द आउँछ । अचेल म यही धुनमा मस्त छु । कलम चलाउँदा मलाई पहिलाको पेसाको झल्को पनि खुबै आउँछ । सुलसुले पेसाको । सुलसुलेको जागिर खाँदा अरूका आङ्मा जुम्रा कुदेको पत्ता लगाउने काइदा सिकिएको थियो । त्यो काइदा अहिले मलाई खुबै काम लागेको छ । मेरो कलम र थुतुनोको विशेषता भनेको पनि मेरै विचार मान्नेहरूको छाला काड्नु हो । अरूको छाला काड्न गए त फेरि जेलतिर कोचि हाल्छन् । म धेरै पटक जेलतिरको हावा पनि खाएको छु । त्यहि भएर मैले वाचा पनि गरेको छु कि बरू म मेरै सगोत्रीहरूको छाला काड्छु, बुर्जुहरूको काड्दिन ।

अचेल मैले कलम मात्रै चलाउँदिन । नेट पनि चलाउँछु । संचार भूमण्डलीकरणका जमानामा कागजमा छापेका कुराले मात्रै पुग्दैन । त्यहि भएर मैले आफ्नै वेभसाइट खोलेको छु । त्यसैमा मेरा कुरा ओकेल्छु । मेरै विचारका सगोत्रीहरूले गरेका कामकुराको छाला काड्ने काम म वेभसाइट र फेसबुक मार्फत् गर्दै आएको छु । यो काम म मृत्युपर्यन्त गरिरहन्छु ।

*१४ जेठ २०७४*

*kailubraha73@gmail.com*

## कांग्रेस–माके तालमेल

# माकेको तीव्र प्रतिक्रियावादीकरणको कुरूप नमूना



**❑ मोहन वैद्य 'किरण'**, अध्यक्ष– नेकपा (क्रान्तिकारी माओवादी)

***स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भइसकेको छ । निर्वाचन परिणाम, त्यसले पार्टीपंक्ति र जनपंक्तिमा पारेको प्रभावका दृष्टिले 'निर्वाचनको क्रान्तिकारी उपयोग'को कार्यनीतिमा क्रान्तिकारी माओवादी कति हदसम्म सफल भयो ? यसको समग्र मूल्यांकन कसरी गर्नुभएको छ ?***

> **क्रान्तिविना राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत समस्याको समाधान हुन सक्तैन । क्रान्तिको तयारीको दिशामा लाग्न हामी सबैले विशेष जोड दिनु पर्दछ ।**

यहाँ सर्वप्रथम कुन करामा स्पष्ट हुन जरुरी छ भने हाम्रो पार्टी स्वयम् प्रत्यक्ष रूपमा अहिलेको स्थानीय निर्वाचनको उपयोगमा गएको होइन, पार्टीले देशभक्त जनगणतान्त्रिक मोर्चाका उम्मेदवारहरूलाई समर्थन गर्ने निर्णय गरिएको हो । र, यसैलाई क्रान्तिकारी उपयोगको अर्थमा बुझ्नु पर्दछ । जहाँसम्म यसमा के कति सफलता प्राप्त भयो भन्ने प्रश्न हो, त्यसको निर्धारण हामीले लिएको लक्ष्य र त्यसको परिणामद्वारा निर्धारित हुन्छ । हाम्रो मूल लक्ष्य वर्तमान प्रतिगामी राज्यसत्ता, व्यवस्था र त्यसका पक्षधर राजनीतिक शक्तिहरूको भण्डाफोर गर्नु, जनताका बीचमा गई जनाधार तयार पार्नु, संगठन विस्तार गर्नु, आदि थिए र ती लक्ष्य केहीहदसम्म हासिल भएका छन् । निर्वाचनमा विजय हासिल गर्नुलाइ मूल लक्ष्य बनाइएको थिएन । अखिर जे जस्तो अपेक्षा गरिएको थियो, मूलतः त्यही नै भयो । यो आंशिक मूल्यांकन मात्र हो । समग्र मूल्यांकन त दोस्रो चरणको निर्वाचन पछि नै गरिनेछ ।

***निर्वाचन उपयोगलाई कार्यनीतिक विषय भन्दै गर्दा कतिपयले यसलाई रणनीतिक अर्थमा बुझेको पनि देखियो नि ? नीतिगत व्याख्याकै अपुग त भएको होइन ?***

> **हाम्रो मूल लक्ष्य वर्तमान प्रतिगामी राज्यसत्ता, व्यवस्था र त्यसका पक्षधर राजनीतिक शक्तिहरूको भण्डाफोर गर्नु, जनताका बीचमा गई जनाधार तयार पार्नु, संगठन विस्तार गर्नु, आदि थिए र ती लक्ष्य केहीहदसम्म हासिल भएका छन् । निर्वाचनमा विजय हासिल गर्नुलाइ मूल लक्ष्य बनाइएको थिएन ।**

एकाध ठाउँमा यस्ता समस्या रहे । समग्रमा भने होइन । तर पनि नीतिगत व्याख्यालाई अझै स्पष्ट पार्न जरुरी छ ।

***यसपटक यो कार्यनीतिमा हिंड्दा के कस्ता जटिलताहरूको सामना गर्नुपर्‍यो ?***

यस प्रकारको कार्यनीतिमा जाँदा दुई प्रकारका जटिलताको सामना गर्नु पर्‍यो- पहिलो बाह्य र दोस्रो आन्तरिक । बाह्य पक्ष भनेको सरकारले खडा गरेका समस्या हुन् । नयाँ दल दर्ता गर्नका लागि अवसर नदिनु, चुनाव चिन्हबाट बञ्चित गर्नु, मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि आवश्यक समय नदिनु आदि, यसैखाले समस्या हुन् । यहाँनेर यो संविधान र लोकतन्त्रलाई उत्कृष्ट भन्नेहरूको तानाशाही चरित्र पनि राम्रोसित उदांगिएको छ । दोस्रो समस्या भनेको आन्तरिक तयारीका लागि आवश्यक समयको अभाव, सांगठानिक परिचालन, प्रचारात्मक कामसित सम्बन्धित समस्या हो । यहाँ हामीलाई आफ्नै कमी, कमजोरी तथा सीमाबाट पनि कैयौं शिक्षा प्राप्त भएका छन् ।

***यस पटकको स्थानीयतहको चुनावमा खासगरी माके र कांग्रेस, राप्रपा र एमालेबीचको अपवित्र चुनावी तालमेल पनि देखियो । संसदीय चुनावको यस्तो परिदृश्यलाई कसरी लिनु भएको छ ?***

यस पटकको निर्वाचनमा अपवित्र तालमेलका दृश्य पनि देखिए । कांग्रेस र एमालेका बारेमा बुझिएकै र भनिएकै कुरा हुन् । थप भनिरहनु पर्ने आवश्यकता छैन । जहाँसम्म माकेको कांग्रेससितको अपवित्र तालमेलको विषय हो, यसलाई माकेको तीव्र रूपमा भइरहेको प्रतिक्रियावादीकरणको कुरूप नमूनाका रूपमा लिनु पर्दछ ।

> **वर्तमान सत्ता, व्यवस्था र तिनका पक्षधर राजनीतिक दलहरूबीच गम्भीर प्रकारका अन्तर्विरोध छन् । त्यसैगरी कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका बीचका अन्तर्विरोध थप चुलिदै गएका छन् । साम, दाम, दण्ड, भेदका पद्धति अवलम्बन गरेर गरिने चुनावी नौटंकीले अन्ततः प्रतिक्रियावादको आयुलाई कुनै पनि हालतमा लम्ब्याउन सक्तैन । हाम्रो उपयोग त त्यसलाई कमजोर पार्न कै लागि हो ।**

***चुनावी परिणामले त प्रतिक्रियावादी संसदीय व्यवस्थालाई नै अझ मजबुत गराएको विश्लेषण राजनीतिक वृतमा गरिदैंछ । क्रान्तिकारी माओवादीको अबको कार्यनीतिक स्टेप के कस्तो हुन्छ ?***

प्रतिक्रियावादी संविधान बन्नु नै प्रतिक्रियावादी राज्यसत्ता र व्यवस्थालाई स्थापित गर्नु थियो । हामीले यसैविन्दुबाट नै अब अर्को प्रतिक्रियाकाल सुरु भयो भनिसकेका थियौं । अनि यस खालको सत्ता, व्यवस्था र सरकार अन्तर्गत हुने वा गरिने चुनावहरूको परिणाम पनि तदनुरूप हुने नै भयो । र, यसले प्रतिक्रियावादी सत्ता र व्यवस्थालाई बलियो बनाउने कुरा त सिद्धान्ततः स्वतःसिद्ध नै हो । तर पनि वर्तमान सत्ता, व्यवस्था र तिनका पक्षधर राजनीतिक दलहरूबीच गम्भीर प्रकारका अन्तर्विरोध छन् । त्यसैगरी कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका बीचका अन्तर्विरोध थप चुलिदै गएका छन् । साम, दाम, दण्ड, भेदका पद्धति अवलम्बन गरेर गरिने चुनावी नौटंकीले अन्ततः प्रतिक्रियावादको आयुलाई कुनै पनि हालतमा लम्ब्याउन सक्तैन । हाम्रो उपयोग त त्यसलाई कमजोर पार्न कै लागि हो । जहाँसम्म पार्टीले अगाडिको कार्यनीतिक स्टेपको कुरा हो, त्यो स्थानीय निर्वाचनपछि बस्ने केन्द्रीय समितिले नै टुंगो लगाउने छ । तर पनि, सामान्य रूपमा भन्नुपर्दा हाम्रो आगामी कार्यनीतिक स्टेप संघीय जनगणतन्त्रको स्थापनाका लागि क्रान्तिको तयारी नै हो ।

> **प्रतिक्रियावादोन्मुख सिंगो माकेबाट त क्रान्तिकारी बन्ने कुनै सम्भावना नै हामी देख्तैनौं र त्यो अझै चरम राजनीतिक तथा वैचारिक पतनको दिशामा जाने कुरा स्पष्ट नै छ । त्यसैगरी बहिस्कारपन्थी साथीहरूले रहस्यवादी राजनीतिक गर्दै आएका छन् । त्यो पनि सिंगो रूपमा सही दिशामा आउला भन्ने देखिदैन । तर ती संगठनभित्र रहेका क्रान्तिकारीहरूमा ध्रुवीकरण आउने वा ल्याउने कुरा हो, त्यो सम्भावना छ । हाम्रो प्रयत्न सच्चा कम्युनिष्टहरूलाई गोलबन्द गर्ने तर्फ नै हुनुपर्छ ।**

***प्रतिक्रियावादन्मुख माके र बहिस्कार गरेको नेकपामा बढ्दो निराशाले क्रान्तिकारी ध्रुवीकरण ल्याउने सम्भावना कत्तिको देख्नुहुन्छ ?***

प्रतिक्रियावादोन्मुख सिंगो माकेबाट त क्रान्तिकारी बन्ने कुनै सम्भावना नै हामी देख्तैनौं र त्यो अझै चरम राजनीतिक तथा वैचारिक पतनको दिशामा जाने कुरा स्पष्ट नै छ । त्यसैगरी बहिस्कारपन्थी साथीहरूले रहस्यवादी राजनीतिक गर्दै आएका छन् । त्यो पनि सिंगो रूपमा सही दिशामा आउला भन्ने देखिदैन । जहाँसम्म उनीहरूका गलत राजनीति र विचारका कारण ती संगठनभित्र रहेका क्रान्तिकारीहरूमा ध्रुवीकरण आउने वा ल्याउने कुरा हो, त्यो सम्भावना छ । हाम्रो प्रयत्न सच्चा कम्युनिष्टहरूलाई गोलबन्द गर्ने तर्फ नै हुनुपर्छ ।

***राष्ट्रियता, जनतन्त्र र जनजीविकामा मुद्दाहरूमा यो चुनावले त्यसको प्रधानतामा अदल बदल आउन सक्ने देख्नुहुन्छ ?***

मूलभूत रूपमा केही अदल बदल आउने कुरा अहिले देखिएको जस्तो लाग्दैन ।

***सरकार फेरबदल, संविधान संशोधन, प्रधानन्यायाधिश प्रकरण र संघीय गठबन्धनको आन्दोलनलाई चाहिं क्रान्तिकारी माओवादीले कसरी हेरेको छ ?***

यी विषयलाई तीन अर्थमा ग्रहण गर्नु पर्दछ । पहिलो, प्रतिक्रियावादी तथा संसदवादी कित्तामा त्यहाँका प्रमुख अभिनेता वा पात्रहरू पक्ष र प्रतिपक्षमा अनेकौं नौटंकीहरू खेल्ने गर्दछन् । अन्तमा ती सबै त्यही सत्ता र व्यवस्थाका संरक्षक नै बनेका हुन्छन् । यस्ता नाटकबाट ठूलै कुरा भयो भन्ने ठान्नु हुँदैन । दोस्रो, संविधान संशोधन, प्रधान न्यायाधिश प्रकरण र संघीय गठबन्धनको

> **प्रतिक्रियावादी तथा संसदवादी कित्तामा त्यहाँका प्रमुख अभिनेता वा पात्रहरू पक्ष र प्रतिपक्षमा अनेकौं नौटंकीहरू खेल्ने गर्दछन् । अन्तमा ती सबै त्यही सत्ता र व्यवस्थाका संरक्षक नै बनेका हुन्छन् । यस्ता नाटकबाट ठूलै कुरा भयो भन्ने ठान्नु हुँदैन ।**

आन्दोलनलाई वर्तमान सत्ता, व्यवस्था र तिनका पक्षधरहरूबीच चुलिदै गएको अन्तर्विरोधलाई समाप्त पार्न पनि सक्तछ । तेस्रो, यी सबै आन्तरिक मात्र होइन, मुख्यतः बाह्य चलखेलका, स्पष्ट रूपमा भन्ने हो भने साम्राज्यवादी तथा विस्तारवादी चलखेलका अभिव्यक्ति पनि हुन् । यस अर्थमा देशको राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्नमा थप खतरा पैदा हुँदै गइरहेको देखिन्छ ।

***प्रसंग बदलौं । प्रचण्ड नेतृत्वको सरकारको पछिल्लो दश महिने कार्यकाललाई कसरी हेर्नुभएको छ ?***

यो सामान्यतः औपचारिक नै रह्यो । भारत सरकारसित जुन २५ बुँदे सहमति गरियो, त्यो राष्ट्रघाती रहेको छ । साथै, संविधानको कार्यान्वयनमा जसरी जोड दिंदै आउने काम भयो, त्यसले दलाल, नोकरशाही पुँजीपति तथा सामन्तवर्गीय राज्यसत्ता र व्यवस्थाको संरक्षण गर्ने काममा ठूलो मद्दत पुऱ्याएको छ ।

***पछिल्लो पटक प्रचण्ड नेतृत्वको सरकारले चीनसँग गरेको ओबर सम्झौतालाई चाहिं क्रान्तिकारी माओवादीले कसरी लिएको छ ? ओबिओरप्रति क्रान्तिकारी माओवादीको धारणा के हो ?***

चीनसँग ओबर सम्झौता बाध्यतावश गरियो । तर पनि यो सकारात्मक नै रहेको छ । यसले भारतीय एकाधिकारलाई केही कमजोर नै तुल्याएको छ ।

***फेरि प्रसंग बदलौं । निर्वाचनको क्रान्तिकारी उपयोगको कार्यनीति लिएपछि अन्तर्राष्ट्रिय भाइचराहरूको के कस्तो प्रतिक्रिया पाउनु भएको छ ?***

हरेक पार्टी आफ्नो देशको स्थिति अनुरूप राजनीतिक कार्यनीति निर्धारणमा स्वतन्त्र छन् र हुनु पनि पर्दछ । अहिलेको हाम्रो चुनाव उपयोगको नीतिबारे कुनै प्रतिक्रिया प्राप्त भएको छैन ।

***दोस्रो चरणको निर्वाचन नजिकिंदै गएको अवस्थामा आम पार्टीपंक्ति र जनपंक्तिमा के आव्हान गर्न चाहनु हुन्छ ?***

वर्तमान राज्यसत्ता, व्यवस्था र संविधान पश्चगामी रहेका छन् र तिनको विरोधमा संघीय जनगणतन्त्रको स्थापना गरी समाजवाद हुँदै साम्यवादमा जानका लागि निर्वाचनको क्रान्तिकारी उपयोगको नीति अनुरूप पार्टीले देशभक्त जनगणतान्त्रिक मोर्चालाई समर्थन गर्ने निर्णय लिएको छ । यस निर्णयलाई कार्यान्वयन गर्न र सघाउन म आम पार्टीपंक्ति र जनसमुदायलाई विशेष आव्हान गर्दछु । क्रान्तिविना राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधार भूत समस्याको समाधान हुन सक्तैन । क्रान्तिको तयारीको दिशामा लाग्न हामी सबैले विशेष जोड दिनु पर्दछ ।

वर्ष १ अङ्क ४७ वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# लेनिनवादी राजनीतिक अर्थशास्त्र र अक्टोबर क्रान्ति



● सीताराम तामाङ

सन् १८७१को पेरिस कम्युनपछि पश्चिमी युरोपमा कुनै क्रान्तिकारी विष्फोट भएको थिएन । रुसमा भएको सन् १८१७ को अक्टोवर समाजवादी क्रान्ति नै त्यस्तो क्रान्तिकारी विष्फोट थियो, जसले लेनिनको नेतृत्वमा विश्वलाई नयाँ युगमा प्रवेश गराउन सफलता प्राप्त गऱ्यो । अक्टोवर समाजवादी क्रान्तिले मानवजातिको इतिहासमा नयाँ युग अर्थात सर्वहारा क्रान्तिको युगको आरँभ गऱ्यो । त्यो युगको नेतृत्व गर्ने क. लेनिन (अपृल २२,१८७० - जनवरी २१, १९२४) मार्क्स - एंगेल्सका विचारको सच्चा अनुयायी, रुसी तथा अन्तराष्ट्रिय सर्वहारावर्गका नेता, प्रतिभाशाली विचारक, सोवियत संघको कम्युनिष्ट पार्टी तथा सोवियत राज्यको संस्थापक, र विश्वका सम्पूर्ण कामदार जनताको नेता तथा शिक्षक हुन । उनले १९ औं शताब्दीको अन्तिम दसक र २० औं शताब्दीको आरम्भमा राजनीतिक तथा सैद्धान्तिक क्रान्तिकारी गतिविधि सुरु गर्दाको बखत पुँजीवादको विकासले नयाँ संक्रमण अर्थात साम्राज्यवादी चरण पुरा गर्न लागेको अवस्था थियो र विश्व क्रान्तिकारी आन्दोलन, जस्को त्यसवखत रुस केन्द्र बनेको थियो, जटिल नयाँ राजनीति तथा वैचारिक विवादमा उल्भेको थियो । लेनिनले ती विवादहरूको हल खोज्ने कार्यमा महत्वपूर्ण र निर्णायक प्रभाव पार्न सके । बुर्जुवा तथा अवसरवादी विचारमा देखापरेका विभिन्न धाराहरूको विरुद्धको संघर्षमा लेनिनले मार्क्सवादको क्रान्तिकारी सारलाई पक्रे, वर्गसंघर्षमा प्राप्त नयाँ अनुभवहरूलाई प्रस्तुत गरे, र राजनीतिक अर्थशास्त्र तथा मार्क्सवादका अन्य आधारभूत अंगहरूलाई समृद्ध पारे, तिनलाई नयाँ र उच्च स्थानमा पुऱ्याए, जसलाई मार्क्सवादको विकासमा लेनिनवादी चरण मानिन्छ । लेनिनले समाजवादी क्रान्ति पुरा गर्न चाहिने मार्क्सवादका तीनै अंगलाई संमृद्ध पारेका छन् । तर यहाँ चर्चा गर्न खोजिएको विषय उनले मार्क्सवादी राजनीतिक अर्थशास्त्रलाई नयाँ चरणमा कसरी विकास गरे भन्ने रहेकोछ ।

१) **लोकवादी र "कानुनी मार्क्सवादी" विरुद्धको संघषर्मा राजनीतिक अर्थशास्त्रको विकास** : सन् १९०० सम्मको लेनिनको कामको विशेष विषय राजनीतिक अर्थशास्त्र रहेको थियो । किनभने त्यसवखत लोकवादी (नरोद्निक) र "कानुनी मार्क्सवादीहरू" को विरुद्ध रुसी मार्क्सवादीहरूको संघर्षको केन्द्र विन्दु "रुसमा पुँजीवादको नियति" को प्रश्न थियो । लोकवाद र "कानुनी मार्क्सवाद" को विरुद्धको संघर्षको क्रममा लेनिनले राजनीतिक अर्थशास्त्रको क्षेत्रमा निम्न प्रमुख कामहरू गरे ।

- "रुसमा पुँजीवादको विकास" (१८९६-१८९९),
- "जनताकोमित्र" कस्तो रहेछन् र कसरी उनीहरू सामाजिक-जनवादीका विरुद्ध लड्छन् (१८९४)
- "नरोदवादको आर्थिक विषयबस्तु र श्री. स्त्रुभेको पुस्तकमा त्यसको आलोचना" (१८९५),
- "आर्थिक -स्वच्छन्दवादको चरित्र" (१८९७), आदि,

उक्त कृतिहरूले रुसमा पुँजीवादको विकासको सविस्तार मार्क्सवादी विश्लेषण प्रस्तुत गरेका छन् । लोकवादीहरूको कस्तो सोचाई थियो भने मुख्य क्रान्तिकारी शक्ति मजदुर नभएर किसान वर्ग हो, र किसान बिद्रोहबाट मात्र जार र जमिन्दारको शासनलाई पल्टाउन सकिन्छ । जारशाही विरुद्ध लड्न उनीहरूले व्यक्तिगत आतंकवादको बाटो समाते । लेनिनले उनीहरू (लोकवादीहरू) धनी किसानहरूको हितको समर्थक भएको पोल खोल्दै के प्रष्ट गर्ने भने रुसमा पुँजीवादको साँच्चिकै विकास हुँदैछ र सो विकासले अनिर्वायत : सर्वहारा वर्गको बृद्धि हुँदैछ । त्यो सर्वहारावर्ग नै पुँजीवादी व्यवस्थाको च्याहान खन्ने वर्ग हुनेछ । जारशाही,जमिन्दार र पुँजीपतिवर्गलाई खत्तमपार्ने मुख्य उपाय भनेको सर्वहारावर्गको नेतृत्वमा मजदुर र किसान एकता हो । लेनिनले लोकवादीहरूको व्यक्तिगत आतंकको कार्यानीतिको पनि विरोध गर्ने ।

त्यसरी नै "कानुनी मार्क्सवादी" को "मार्क्सवादको भ्रुण्डालाई प्रयोग गरी मजदुर आन्दोलनलाई पुँजीवादी स्वार्थ अनुकुल बनाउन र त्यसको अधिनस्थ पार्ने" नीतिका विरुद्ध पनि लेनिनले संघर्ष चलाए र उनीहरूको उदार पुँजीवादी स्वरूपलाई नङ्ग्याइदिए (सो.क.पा.(बो) को इतिहास, २०५६:१६-१८) ।

आर्थिक संघर्षलाई माने पनि मार्क्सले संधै के कुरामा जोड दिदैं आएका थिए भने आर्थिक संघर्ष केवल पुँजीवादका परिणामहरूको विरुद्ध मात्र लक्षित हुने हुनाले सर्वहारावर्गको उत्पीडित तथा दरिद्रताको मूल कारणहरूको विरुद्ध चाँही लक्षित हुँदैन । स्वयम् पुँजीवादी ब्यवस्था नै त्यसको मूल कारण हो । ब्यवसायिक संगठनहरूबाट गरिने आर्थिक संघर्षको माध्यमले मात्र सर्वहारावर्गलाई पुँजीको तर्फबाट बढ्दो शोषणबाट मुक्त तुल्याउन सकिंदैन । त्यसका लागि सर्वहारावर्गको अथक राजनीतिक संघर्षको खाँचो पर्दछ । पुँजीपतिवर्गको सत्ता हत्याएर मात्रै सर्वहारावर्गले आफ्नो दरिद्रताको स्रोतको रूपमा रहेको वर्गीय शोषणलाई निर्मूल पार्दछ । त्यसै वीच राजनीतिक मञ्चमा देखापरेका "अर्थवादीहरू" विरुद्ध लेनिनले संघर्ष चलाउनु पऱ्यो । अर्थवादीहरू मार्क्सको उक्त विचारको विरुद्ध मजदुरहरूले आर्थिक संघर्षमा मात्र लाग्नु पर्छ र राजनीतिक संघर्ष चाँही उदार पुँजीपति वर्गको जिम्मामा छोड्नु पर्छ । त्यसलाई मजदुरहरूले समर्थन मात्र गर्नु पर्दछ भन्दथे । लेनिनको दृष्टिमा "त्यसको अर्थ मजदुरवर्गको स्वतंत्र राजनीतिक पार्टीको खाँचोको अस्वीकृति थियो र मजदुरवर्गलाई पुँजीपतिवर्गको राजनीतिक पुच्छर बनाउने प्रयास थियो । लेनिनले ती "अर्थवादीहरू"को विरुद्ध कडा संघर्ष चलाए । मुख्यरूपले लेनिनदारा लिखित पुस्तक "के गर्ने" र उनैद्धारा स्थापित पत्रिका "इस्क्रा" ले "अर्थवाद" को विरुद्ध सर्वहारावर्गको स्वतंत्र राजनीतिक पार्टी बनाउनका लागि संघर्ष चलायो र सफलता प्रप्त गऱ्यो ।

२) **पुँजीवादमा हुने संकटको सिद्धान्तमा विकास** : लेनिनले मार्क्स-एंगेल्सको विचारलाई, विज्ञान र प्रविधिको प्रगतिको समय सापेक्ष पुँजीवादी पुनर्उत्पादनको नियमहरूको अध्ययनद्धारा परिष्कृत पारे, उत्पादनका साधनहरूको उत्पादनको नियमको विकास गरे र पुँजीवादभित्र उत्पादन र ब्यक्तिगत उपभोग वीचको सहसम्वन्धको उद्घाटन गरे । उनले के प्रष्ट पारे भने पुँजीवादमा अति उत्पादनबाट आर्थिक संकट हुनुमा उत्पादनको तुलनामाउपभोगमा कमि भएको भन्ने पुँजीवादी अर्थशास्त्रीहरूको एकतर्फी ब्याख्या प्रयासलाई पूर्णतः मिथ्या र पुँजीवादी उत्पादन प्रकृयामा संकटको अपरिहार्यताका निम्ति एक प्रमुख कारणको रूपमा पुँजीवादको आधारभूत अर्न्तविरोधको निर्णायक भूमिका हुन्छ । उनले मार्क्स-एंगेल्सको पुँजीवादमा हुने चक्रीय संकटहरूको सिद्धान्तलाइ (Tenets) अरु विकास गरे । (c.w, vol-3,P. 618)

३) **बोल्सेविक कृषि क्रान्तिको कार्यक्रम** : २० औ शताब्दीको आरम्भमा, जहाँ कृषिको प्रश्न प्रथम रुसी क्रान्तिको लागि धैरै महत्वपूर्ण आर्थिक प्रश्न थियो र जहाँ संशोधनवादीहरूले मार्क्सको आर्थिक सिद्धान्तलाई चारैतिरबाट चुनौति दिएका थिए, लेनिनले थुप्रै महत्वपूर्ण कार्यहरू द्धारा मार्क्सको कृषिक्रान्तिको सिद्धान्तलाई दृढतापूर्वक रक्षा गरे र सिद्धान्तलाई नयाँ उचाई दिए, रुसमा कृषि उत्पादन सम्बन्धको व्याख्या गरे र बोल्शेविक कृषिक्रान्तिको कार्यक्रमको निम्ति जग बसाए । ती कामहरू मध्य निम्न प्रमुख छन् ;

- "कृषिक्रान्तिको प्रश्न र मार्क्सको आलोचना"
- "प्रथम रुसी क्रान्ति १९०५ -१९०७ मा सामाजिक-जनवादीको कृषिक्रान्तिको कार्यक्रम"
- "कृषिमा पुँजीवादी विकासलाई नियमन गर्ने कानुनवारे नयाँ आँकडा"

लेनिनका उक्त कृतिहरूको तलवारको धार "कृषिक्रान्तिको प्रश्नमा बुर्जुवा संशोधनवादी विचारका विरुद्ध" सोभिएका छन् । लेनिनले उनीहरूको विचारमा रहेको विधि- पद्धतिको र सैद्धान्तिक त्रुटीलाई औल्याएका छन् जुन कृषिभूमि सम्बन्धको विश्लेषण गर्ने बैज्ञानिक प्रकृया विरुद्ध थिए । मार्क्सको विचारलाई अघि बढाउदै उनले कृषिमा पुँजीवादी विकासको नयाँ नियम र रूपरेखा तयार गरे । लेनिनले औद्योगिक उत्पादन र कृषि उत्पादनको वीचको आर्थिक विकासमा समानता रहेको देखाएका छन्, कृषिमा उत्पादन प्रकृयाको विशेष चरित्रको उत्घाटन गरेका छन् र ग्रामिण इलाकामा क्रान्तिको सामाजिक-आर्थिक जराहरू हुन्छन् भन्ने मार्क्सको सिद्धान्तलाई प्रमाणित गरेका छन् । लेनिनले "कृषिक्रान्तिको प्रश्न" मा कृषिक्रान्तिको मार्क्सवादी सिद्धान्तको ब्याख्या र विकास गरेका छन् तथा रुसी र अन्तर्राष्ट्रिय संशोधनवादीहरूको आलोचना गरेका छन् । लेनिनले यो सिद्धान्तको रक्षा गर्नु र अझै विकास गर्नु मार्क्सवादी अर्थराजनीतिमा ठूलो बैज्ञानिक उपलब्धी हो । त्यसरी नै "प्रथम रुसी क्रान्ति १९०५-१९०५"मा लेनिनले सामाजिक क्रान्तिकारी र मेन्सेविकका कृषिक्रान्तिको कार्यक्रमको आलोचना गरे र भूमिको राष्ट्रियकरणको निम्ति बोल्शेविक कार्यक्रम प्रस्तुत गरे । उनले "कृषिमा पुँजीवादी विकास ....." मा पुँजीवाद अन्तरगत कृषिको गैर-पुँजीवादी विकासवारे गैर-मार्क्सवादी सिद्दान्तको आलोचना गरेका छन् ।

४) **साम्राज्यवादको विकास र एक देशमा समाजवादको विजय** : लेनिनको साम्राज्यवादको सिद्धान्तको, जुन उनले २० वर्ष लगाएर आधुनिक पुँजीवादको आर्थिक विकासको अध्ययन गरेका थिए, मार्क्सवादी राजनीतिक अर्थशास्त्रमा महत्वपूर्ण योग्दान रहेको छ । लेनिनको महत्वपूर्ण कृतिहरू निम्नछन् ।

- साम्राज्यवाद, पुँजीवादको उच्चतम अवस्थामा (१९१६) ।
- संयुक्त राज्य युरोपको नाराबारे (१९१५) ।

लेनिनको उक्त कृतिहरूमा मार्क्सको "पुँजी", भाग-१ प्रकाशित भए पश्चातको पचास बर्षको पुँजीवादी विकासलाई समेटिएका छन् । लेनिनले पुँजीवादी अर्थतन्त्र, राजनीति र सिद्धान्तको विकासमा भएका नयाँ परिघटनाहरूलाई, जसले पुँजीवादको विकासलाई विशेष, उच्चतम र अन्तिम अवस्था : साम्राज्यवादसम्म पुऱ्याए, विस्तारपूर्णक प्रकाश हालेका छन् । लेनिनले "साम्राज्यवाद, पुँजीवादको चरम अवस्था" भन्ने पुस्तकमा साम्राज्यवादको ब्याख्या यस प्रकार गरेका छन् : "साम्राज्यवाद पुँजीवादको विकासमा त्यो अवस्था हो, जहाँ पुगेर एकाधिकार तथा विक्रीय पुँजीको अधिपत्य दृढ रूपमा कायम भैसकेको हुन्छ, जव पुँजी-निर्यातले अत्याधिक महत्वपूर्ण स्थान ग्रहण गरिसकेको हुन्छ, जव अन्तर्राष्ट्रिय ट्रष्टहरू वीच विश्वको विभाजन सुरु भैसकेको हुन्छ, जव सबै भन्दा ठूला पुँजीवादी शक्तिहरूवीच पृथ्वीका समस्त क्षेत्रहरूको विभाजन पूरा भैसकेको हुन्छ ।"

लेनिनले के देखाएका छन् भने साम्राज्यवाद पुँजीवादको उच्चतम अवस्था (एकाधिकार) हो, जुन अवस्थामा "प्रगतिशील" पुँजीवादबाट रूपान्तरण भएर परजीवी पुँजीवादमा, ह्रास पुँजीवादमा आईपुगेको छ, र त्यसैले यो साम्राज्यवाद मरणशील ळ्यचषद्गलम० पुँजीवाद हो । तर यसको अर्थ यो होईन कि पुँजीवाद आफै मर्नेछ, सर्वहारा वर्गीय क्रान्तिविना, यो "बुढो रुखमा ऐभ्रेरु" भएर रहिरहनेछ । तसर्थ लेनिनको शिक्षा के छ भने श्रमिक वर्गको क्रान्तिविना पुँजीवाद उखाडिन सक्तैन । मरणशील पुँजीवादको रूपमा साम्राज्यवादको परिभाषा गर्दा लेनिनले के पनि देखाउनु भयो भने "साम्राज्यवाद सर्वहारावर्गको सामाजिक क्रान्तिको पूर्व बेला हो ।" (History of cpsu (B), 1950:207) । लेनिनले प्रथम विश्वयुद्धको बेलामा पुँजीवादी उत्पादनको संकेन्द्रण, केन्द्रिकरण र एकाधिकारलाई उदंग्याउने कामलाई बैज्ञानिक ढंगले स्तुत गरेका छन् र साम्राज्यवादको उच्चतम अवस्थाको रूपमा राज्य-एकाधिकारी पुँजीवादी सिद्दान्तको जग समेत वसाएका छन्, जसको चरित्र राज्यशक्ति र एकाधिकारहरूको शक्तिलाई समाजमाथि वित्तीय अल्पतंत्रको प्रभुत्व भएको एकल संरचनामा सम्मिलित पार्नु थियो ? साम्राज्यवादको अध्ययनको शिलशीलामा लेनिनले पुँजीवादको असमान राजनीतिक तथा आर्थिक विकासको सिद्धान्त पत्ता लगाए : पुँजीवादको विकास यो बखत अत्यन्त असमान तथा परस्पर-विरोधी स्वभावको हुन्छ । बजार र पुँजी लगानीको क्षेत्रहरू -उपनिवेशहरू र कच्चा मालको स्रोतहरूलाई लिएर साम्राज्यवादी शक्तिहरूमा जुन कडा प्रतिद्वन्दिता चल्दछ, त्यसले विश्वलाई पुनः विभाजनका लागि समय-समयमा साम्राज्यवादी युद्धहरूलाई अनिवार्य बनाउँदछ । साम्राज्यवादी युद्धले साम्राज्यवादको शक्तिलाई कमजोर बनाउने हुँदा साम्राज्यवादी मोर्चाको सबैभन्दा कमजोर स्थानलाई टुक्रयाउन सम्भब बनाईदिन्छ । यसै आधारमा लेनिनले यो शुत्र पत्ता लगाए कि समाजवाद कुनै देशमा पनि विजयी हुन सक्तछ ; एकैसाथ सबै देशमा समाजवाद विजयी हुन असम्भवछ । लेनिनले यो सिद्दान्त "संयुक्त राष्ट्र युरोपको नारा" (१९१५) नामक लेखमा प्रस्तुत गरेका छन् ।

"असमान आर्थिक तथा राजनीतिक विकास पुँजीवादको प्रमुख (Absolute) sfg'g (act) हो । यसर्थ समाजवादको विजय पहिले केही वा एकल पुँजीवादी मुलुकमा पनि सम्भबछ । विजयी सर्वहाराले आफ्नो देशका पुँजीवादीहरूलाई समाप्त पारेर आफ्नो समाजवादी उत्पादनलाई संगठन गरे पश्चात बाँकी पुँजीवादी जगतको मुकाविला गर्नेछ, अर्को देशका उत्पीडित वर्गहरूलाई आफुतिर आकषित गर्नेछ, शोषकवर्गहरू तथा उनीहरूका राज्यका विरुद्ध विद्रोह खडा गर्नेछ र आवश्यकता पर्दा सशस्त्र भएर पनि मैदानमा उत्रनेछ" (C.w,vol-21,p.344) ।

५) **समाजवादी राजनीतिक अर्थशास्त्रको आधार निर्माण** : लेनिनको अर्को महत्वपूर्ण उपलब्धी भनेको समाजवादी राजनीतिक अर्थशाास्त्रको आधारहरू तयार गर्नु थियो । उनले काउत्सकी, ट्रटस्की, अराजक-सिण्डिकेटवादी, बामपंथी कम्युनिष्टहरू विरुद्धको संघर्षमा त्यस प्रकारका कृतिहरू प्रकाशित गरेका हुन् :

- राज्य र क्रान्ति (१९१७)
- सर्वहारा वर्गको अधिनायकत्वको युगमा अर्थशास्त्र र राजनीति (१९१९)

उनले "राज्य र क्रान्ति"मा सर्वहारावर्गलाई पुँजीवादबाट समाजवादमा संक्रमण चरणका बारे नयाँ सिद्धान्तले लैस गराए, र साथै त्यसको आवश्यकता, विषय वस्तु र ऐतिहासिक भूमिकाको महत्व पनि दर्शाए । लेनिनले मार्क्स-एंगेल्सको "बुर्जुवा राज्य मेसिनरीलाई ध्वस्त पारिनु पर्दछ र त्यसलाई सर्वहारावर्गको अधिनायकत्व भएको राज्यसत्ताले प्रतिस्थापित गरिनु पर्दछ" भन्ने विचारलाई सुपरिष्कृत पारे । उनले सर्वहारा वर्गीय राजनीतिक शासनमा कम्युनिष्ट पार्टीको नेतृत्वदायी भूमिकालाई प्रकाश पारेका छन् ।

पुँजीवादबाट समाजवादमा संक्रमणको चरण पुँजीवादको समाजवादी समाजमा क्रान्तिकारी रूपान्तरणको चरण हो । यो चरणको आवश्यकता किन पर्छ भने यसले अन्य सामाजिक - आर्थिक संरचनाहरूलाई अघिलो संरचनाले जन्माएको भन्दा फरक समाजवाद पुँजीवादको गर्भबाट जन्मदैन । यसले बुर्जुवाहरूलाई सत्ताबाट फ्याक्छ र त्यहाँ सर्वहारावर्गको अधिनायकत्व लागु गर्दछ । तसर्थ सर्वहारावर्गले राजनीतिक शक्ति हातमा लिनुसाथ नै समाजवाद पुरा हुँदैन । लेनिनले लेखेकाछन्, "यो उदेश्य एकै झड्कामा पुरा हुन सक्तैन । पुँजीवादबाट समाजवादमा संक्रमणले निकै लामो अवधि लिन्छ, किनभने उत्पादनको पुनर्संगठन कठीन कार्य हो, किनभने जीवनका हरेक क्षेत्रमा क्रान्तिकारी परिवर्तनले समय लिन्छ, र किनभने निम्न-बुर्जुवा र बुर्जुवा जीवनमा रहेका बानीका बडेमान शक्तिलाई लामो र दृढ संघर्षले मात्र जित्न सकिन्छ । त्यसै भएकोले मार्क्सले सर्वहारावर्गको अधिनायक्त्वको पूर्ण अवधिलाई नै पुँजीवादबाट समाजवादमा संक्रमणको अबधिको रूपमा ब्याख्या गरेका थिए" (C.w,vol-29,P-388) ।

लेनिन नै पहिलो ब्यक्ति हुन जसले पुँजीवादबाट समाजवादमा संक्रमण अवधिको आर्थिक पद्दतिको र उक्त समाज अनुरूपको संरचनाको सार र अन्तरविरोधको प्रश्नको हल गरे । उनले "सर्वहारा वर्गको ... अर्थशास्त्र र राजनीति" मा समाजवादी क्रान्तिको निम्ति आर्थिक कार्यक्रम तयार गरे, उनले सर्वहारा वर्गको आर्थिक नीतिको आधारभूत सिद्धान्त र प्रवृत्तिको रूपरेखा दिए र त्यो नीति लागु गर्ने योजनाबद्ध अर्थतंत्रको सुस्पष्ट भूमिका कोरे, समाजवादको निमार्ण प्रकृयामा "माल-मुद्रा" सम्बन्धको प्रयोगको आवश्यकता र सम्भाव्यताको प्रश्नलाई अघि बढाए र सुपरिष्कृत समेत गरे र सोवियत संघमा समाजवाद निर्माणका निम्ति ठोस योजना प्रस्तुत गरे ।

६) **समाजवादमा फड्को मार्ने सिद्धान्त** : लेनिनले मार्क्स-एंगेल्सका विचारलाई विकसित गरे र के देखाए भने आर्थिकरूपले पछि परेका मुलुकहरू पनि पुँजीवादी विकासको अवस्था पार नगरिकनै पनि समाजवादमा फड्को मार्न सक्छन् । मार्क्स र एंगेल्सको समाजवाद र साम्यवादको सिद्धान्तलाई लेनिनले ब्यापकीकरण गरे । उनले समाजवादको सम्पत्ति-सम्बन्ध, वर्ग-संरचना र उदेश्यको व्याख्या गर्नका साथै सामाजिक श्रमको समाजवादी संगठनसँग सम्बन्धित अनेकौ समस्याहरू सुल्भाए र समाजवादी अर्थतंत्रको सिद्धान्त, पद्धति र रूपहरूको विश्लेषण गरे । लेनिनले समाजवादमा समानताको मार्क्सवादी अवधारणालाई मूर्तीकरण गरे र के देखाए भने कामको प्रकृयामा भौतिक प्रोत्साहनसँगै नैतिक प्रोत्साहनको आवश्यकता पर्दछ, साथै उनले कामको आधारमा वितरण र ज्यालाको मार्क्सवादी सिद्धान्तलाई स्थापित गरे । उनले समाजवादबाट साम्यवादमा संक्रमणको स्वभाव र अवस्थाको मार्क्स-एंगेल्सको विचारलाई परिष्कृत गरे र समाजवादी विकासका विभिन्न चरणहरूको सिद्धान्तलाई समेत प्रवर्धन गरे ।

७) **व्यवहारमा आर्थिक रूपान्तरणको पीडा** :

● लेनिनले महान अक्टोवर समाजवादी क्रान्ति सफलतापूर्वक सम्पन्न भएको घोषणा गर्दा तत्कालीन सोवियत रुसको "समाज व्यवस्थामा सामन्ती उत्पादन सम्बन्ध बलियो गरी अस्तित्वमा थियो र पुँजीवादी उत्पादन सम्वन्ध पूर्ण विकसित भैनसकेको अवस्था थियो । रुसको आर्थिक विकासको स्तर त्यहाँ रहेको थियो जहाँ पश्चिमी युरोप एक-डेड शताब्दी अघि पुगेको थियो" (Maurice Dobb: 1993:12, Soviet Eeouonic Dov. Since 1917; New Delhi: Universal Book) । उक्त पुरानो सामाजिक आर्थिक संरचनाको क्रान्तिकारी रूपान्तरण सजिलो थिएन । तर सन् १९१७को अक्टोवर क्रान्तिपछि लेनिनको नेतृत्वमा लागु गरिएको आर्थिक पुनर्निर्माणको प्रयोगले अत्यन्त प्रतिकुल र अस्थिर अर्थतंत्र पनि कसरी लामो अवधिसम्म स्थिर ढंगले समृद्धितर्फ अघि बढ्न सक्छ भन्ने सिद्ध गरेकोछ ।

● क्रान्तिपछि ग्रामिण क्षेत्रमा पुँजीवादी उत्पादन सम्बन्धलाई विकास गर्ने र शहर तथा औद्योगिक क्षेत्रमा (जहाँ पुँजीवादी उत्पादन सम्बन्ध रहेको थियो) समाजवादी उत्पादन सम्बन्ध विकास गर्ने लक्षकासाथ नयाँ योजना अघि बढाईयो । तत्काल तीनवटा कदम चालिए : क) सामन्तहरूको जमिन राष्ट्रियकरण गरी गरिब किसानहरूमा न्यायोचित वितरण गर्ने, ख) बैकहरूको राष्ट्रियकरण गर्ने, ग) ठूला उद्योगहरूको राष्ट्रियकरण गर्ने । विदेशी पुँजी लगानी भएका मझौला उद्योगहरू र साना तथा घरेलु उद्योगहरूलाई निजी स्तरमै संचालन हुन दिइयो । तर घरेलु प्रतिकृयावादीहरूले प्रतिक्रान्तिका लागि विद्रोह शुरु गरेका र विदेशी पुँजीवादी शासकहरूले रुसमाथि नाकाबन्दी गरेका कारण "गृहयुद्ध" शुरु भएकोले यो योजनाले आठ महिना पनि काम गर्न पाएन ।

● गृहयुद्धको अवधिमा "युद्ध अर्थतंत्र" (War Economy) लागु गरियो । एकातिर विदेशी शासकहरूले आर्थिक नाकाबन्दी लगाएको कारण र अर्कोतिर विद्रोही सेना र विदेशी सेनाको गठबन्धनले मुलुकको आधारभूत भौतिक संरचनाहरू (बाटो, पूल,नहर, विधुत) र उद्योग घन्दाहरूमा बम-विष्फोट गरेकाले माल-समानको ठूलो अभाव हुन जाँदा मुद्रास्फितीको दर उच्च हुन पुग्यो र रुबलको क्रयशक्ति एकदमै कम भयो । उक्त स्थितिमा औद्योगिक क्षेत्रमा मुद्राको कारोबारलाई बन्द गरियो र "उत्पादनको खरिदविक्रि मुद्रामा होइन कि खातामा लेखेर (Book-entriy)" गरियो ।

● युद्धका आवश्यक्ताहरू पुरा गर्न सरकारले "अनिवार्य अनाज संकलन" कानुन लागु गर्नु परेको थियो । त्यसमा अतिरिक्त अनाजलाई केन्द्रिकृत रूपमा संकलन गर्ने र वितरण गर्ने विषयलाई प्रमुखता दिएको थियो ।

● मुलुकका सम्पूर्ण साधन श्रोतहरूलाई युद्धका आवश्यक्ता पूर्ति गर्ने काममा लगाउनु पर्ने कारणले गर्दा निजी व्यापारमा समेत प्रतिवन्ध लगाइयो ।

८) **नयाँ आर्थिक नीति** :

ठूलो क्षति ब्यहोरेर गृहयुद्ध समाप्त भएको थियो । गृह युद्धकालमा (सम्पूर्ण अर्थतन्त्रमा राज्यको नियन्त्रण) लागु गरिएको थियो । युद्धकालीन समाजवादले रुसलाई ध्वस्त हुनवाट बचाएको थियो । तर त्यो, लेनिनले भनेका छन्, "युद्धको कारण हामीमाथि थोपरिएको थियो । त्यो एउटा अस्थायी उपाएमात्र थियो" ।

गृहयुद्ध सुरु नभएको भए आर्थिक नीति क्रान्तिपछि नै लागु हुने थियो । १९१९मा लेनिनले लेखेका थिए "पुँजीवाद र समाजवादको वीचमा एउटा अवधिसम्म संत्रमणकालीन स्थितिरहन्छ । संक्रमणकालमा लागु हुने अर्थव्यवस्था मिश्रित हुन्छ ।"उक्त आधारमा १९२१मा लेनिनको नयाँ आर्थिक नीति (नआनी) लागु भयो । नयाँ आर्थिक नीति (न.आ.नी) मूलतः अक्टोवर क्रान्ति पछि आठ महिनासम्म लागु भएको आर्थिक नीतिकै निरन्तरता थियो ।नआनीको राजनीति श्रमिकवर्ग र उत्पीडित किसानको एकतालाई बलियो बनाउने थियो । लेनिनले लेखेका छन् "अनानीको सार भनेको सर्बहारा र किसानको एकता हो । सर्वहारावर्गको अग्रदस्ताको किसानको ब्यापक समुहसँग मिलन हो ।" (C.W,vol-33,P-171) । आर्थिकरूपले अज्ञानीको योजना समाजवादी उत्पादन सम्बन्धहरूको विजय सुनिश्चित गर्ने थियो । सर्वहारावर्गको हातमा राज्यको अर्थतन्त्रको नियन्त्रण, समाजवादी आर्थिक ढाँचाको प्रत्यक्ष सामाजिक नियमन, समाजवादी उद्योग र साना-किसान उत्पादनका वीच (खोसिएका सामन्तहरूको) जमिनको सहकारीकरण र त्यसमा पहिले भूमिहीन रहेका किसानहरूलाई संगठित गरी सामुहिक खेती संचालन गरियो । गृहयुद्धले भत्किएको संरचना, रुसमाथि लगाइएको घोषित - अघोषित नाकाबन्धी र अत्यन्त पिछडिएको अर्थतन्त्रलाई ट्र्याकमा ल्याउने काम सजिलो अवस्था थिएन । हुँदाहुँदै पनि योजनाबद्ध कार्यक्रम अघि बढाएको कारण १९२५ सम्मको छोटो अवधिमा सोवियत रुसको राष्ट्रिय उत्पादन युद्ध-पूर्वको अवस्थामा पुग्यो ।

सन् १९२५ पछि क. स्टालिनले नेतृत्वमा पञ्चवर्षीय योजनाको प्रणाली लागु गरियो । आवधिक पञ्चवर्षीय योजनाहरू सफल कार्यान्वएनका कारण पुँजीवादी दुनियामा "महामन्दीको संकट" (१९२९-३३) पर्दा पनि रुसमा विकासको लहर रोकिएन, अझ बढ्न गयो । त्यसैकारण रुस जस्तो अल्पविकसित मुलुक विकसित समाजवादी मुलुकमा परिणत हुन सक्यो । आज आवधिक योजना कार्यक्रम संसारभरि नै लागु भइसकेकोछ ।

९) **लेनिनबाट सिक्नु पर्छ** :

लेनिनले मार्क्स र एंगेल्सले गरेका पुँजीवादबाट समाजवादमा संक्रमण्को चरित्र र अवस्थाहरूको विश्लेषणलाई सोवियत रुसको जिवनमा लागुमात्र गरेनन् कि अझै विकसित पनि पारे । लेनिनले अक्टोवर समाजवादी क्रान्ति पुरा गर्ने शिलशीलामा राजनीतिक अर्थशास्त्रमा पुऱ्याएको योगदान र क्रान्तिपछि समाजवाद निर्माणमा लागु गरेको आर्थिक नीति र कार्यक्रमको अन्तराष्ट्रिय महत्व रहेकोछ । लेनिनका उक्त अर्थराजनीतिक विचार र अनुभव हाम्रो जस्तो अल्पविकसित अर्ध-सामन्ती तथा अर्ध/नव औपनिवेशिक अवस्थाको मुलुकका निम्ति पनि ठूलो महत्वको हुनेमा दुइ मत छैन ।

२०७४।०२।०७

*(यो लेख पार्टीको मुखपत्र माओवादमा प्रकाशनार्थ प्रेषित हो । )*

# लोकसाहित्यमा नवीन सोच

● मनोहर लामिछाने

प्रारम्भमा मानिस घुमन्ते थियो । बिस्तारै समूहमा बस्न थालेपछि समूहको आवश्यकताअनुरूप विभिन्न स्थानमा स्थान्तरित हुँदै गर्दा प्राप्त सुख, दुःख, आँसु, हाँसो व्यक्त गर्दै जाने क्रममा लोकसाहित्यको उदय भएको हो । यसरी हेर्दा भाषा र लिपिको विकासपूर्व नै लोकसाहित्यको सिर्जना हुन पुग्यो । यस अर्थमा लोकसाहित्य जेठो साहित्य पनि हो । कसैले यसलाई जनसाहित्य माने भने कसैले गाउँले साहित्य ।

मानवीय इतिहास सङ्घर्षको इतिहास पनि हो । प्रारम्भदेखि वर्तमानसम्म आइपुग्दा समाजले गौरवपूर्ण सङ्घर्षको सामना पनि गर्नुपरेको छ । मानिसले आफ्ना विविध आवश्यकता पूर्तिका लागि समाजलाई गतिशील बनाउन सङ्घर्षकै क्रममा प्रायः सुख, दुःख, हाँसो, आँसु, उत्साह, उमङ्ग, सरसल्लाह, शिक्षादीक्षा लिँदादिँदाको क्षणमा जानी नजानी सिर्जना भएको लोकसाहित्य पिँढी दरपिँढी स्थानन्तरण गर्दै जाँदा श्रुतिकै भरमा आजसम्म जीवित रहन गएको पाइन्छ ।


लोकसाहित्य बसिबियाँलो दिन कटाउने एवं मनोरञ्जन तथा माया प्रेममा मात्र सीमित नभएर जीवनलाई गतिशील ऊर्जा प्रदान गर्ने माध्यमसम्म बन्न पुग्यो । यसरी जीवनजगत्लाई बुझ्ने र हेर्ने दृष्टिकोण, इतिहास, धर्म, संस्कृति मात्र होइन, राजनीतिक विषयवस्तुका विभिन्न आयामहरूमा प्रशस्तै योगदान दिएको छ । समाज विज्ञानको लामो शृङ्खलामा जसरी समाजले आफू स्वंयलाई व्यवस्थापन गर्न सङ्घर्ष, त्याग, बलिदान गर्दै आयो, त्यसरी नै समाजको प्रतिच्छायामा लोकसाहित्यले पनि सँगसँगै आफ्नो यात्रा अगाडि बढाएको पाइन्छ । जसको परिणति समाजमा विभक्त विभिन्न जातजाति समुदायको निर्माणसँगै लोकसाहित्य पनि समुदायअनुरूप निर्माण मात्र भएनन्, समुदायको पहिचान पनि बन्दै गए । यसरी विविध समुदायका आआफ्नै लोकसंस्कृति, लोकजीवनको निर्माण हुँदै गर्दा तदनुरूपका लोकसाहित्य, संस्कृति पनि सिर्जना हुँदै गए ।

समाज निर्माणकै क्रममा दैवी सिद्धान्तमा आश्रित राज्य सत्ताका कारण भिन्न वर्गको उत्थान र पतनबाट कहिले बढी र कहिले अलि सुषुप्त रूपले सामाजिक अन्तरविरोधहरू देखा पर्दा त्यसकै प्रतिच्छायामा लोकसाहित्य सर्जकहरूमा पनि परेको पाइन्छ । तथापि राज्य सत्ताको स्थायित्वका लागि विभिन्न धर्मको सहाराले सत्ता टिकाउन प्रयोग भएका प्रथा, प्रचलनले सामाजिक प्रतिबिम्बको रूपमा देखिएको जडता, सङ्कीर्णता आदिले कैयौं लोकसाहित्य यथास्थितिभन्दा माथि जान नसकेको पाइन्छ । यति हुँदाहुँदै पनि शासकीय शोषणको प्रतिरोध स्वयं जनताबाट हुँदा त्यसको प्रभावले लोकसाहित्यमा प्रगतिशीलता पनि देखिन पुग्छ । अर्थात् यथास्थितिभन्दा भिन्नै सोच, दृष्टिकोण, प्रगतिशीलता बन्न पुग्छ । सोहीअनुसार कलाले पनि स्थान ओगट्नै जान्छ । यसैसँग मेल खाने कलाको सम्बन्धमा चैतन्य लेख्छन्– "जब प्रकृतिको मानवीयकरणको प्रक्रिया उच्च स्तरमा विकास हुँदै जान्छ, त्यो बेला मानिसमा सांस्कृतिक आवश्यकता परिपूर्ति गर्ने क्षमताको विकासका साथै सौन्दर्यात्मक वस्तु अर्थात् कलाको पनि विकास हुँदै जान्छ ।" (चैतन्य, २०६९, ५३-५४)

वर्तमान नेपालमा प्रारम्भदेखि विभिन्न जाति, सभ्यता, राज्य प्रणालीको विकास हुँदै आउँदाका अवस्थामा सिर्जना भएका लोकसाहित्यमा तत्कालीन समाजको प्रतिच्छाया परिरह्यो । त्यसरी सिर्जित लोकसाहित्य श्रुति परम्परामा आश्रित भएले कैयौं लोप भए, कैयौं परिमार्जन हुँदै अस्तित्व बचाए । मातृसत्तादेखि गणराज्य स्थापना, धर्म र संस्कृतिको उत्थान पतन, विभिन्न रक्त मिश्रित समुदायको उत्थान एवं परिमार्जनले लोकसाहित्यिक यात्रा पनि सामाजिक परिवर्तनको गोरेटोमा हिँड्न बाध्य बन्यो । यही क्रममा वर्णवादी केन्द्रीकृत सामन्ती राज्यसत्ताको अहंकार र दबदबाबाट सिर्जित सामाजिक असमानताले बेलाबखत विद्रोहात्मक चेत पैदा गरेर लामो समयसम्म स्थापित यसको भावभूमिमा प्रत्याक्रमण गर्दा पनि उल्लेख्य हस्तक्षेप भने हुन सकेन, जुन स्वाभाविक हो । श्रुति परम्परामा आश्रित लोकसाहित्यको इतिहास खोज्दा वेद, उपनिषद्, पुराण, रामायण, महाभारतजस्ता श्रुति, स्मृति हुँदै राज्यशक्ति, परम्परागत समाजका वृत्तवरिपरि घुम्दै समाज रूपान्तरणमा समेत यसको भूमिका रहेको पाइन्छ ।

लोकसाहित्यलाई परम्परागत रूपमा विभिन्न विद्वान्हरूले विभिन्न तरिकाले अर्थ्याइएको पाउँछौं । गतिशील समाजको गति, नियति, आवश्यकताभित्र लोकस्रष्टाहरू पनि समाजको वृत्त वरिपरि नै रहन पुगे । 'जस्तो समाज, त्यस्तै सिर्जना' लोकसाहित्यको उद्गम र कर्मभूमि गाउँसमाज हो । जहाँ अशिक्षा, रूढीवादी, अन्धविश्वास लगायत विविध समस्या भए पनि मन, बचन, कर्म भने पवित्र हुने विश्वास गरिन्छ । हृदय सफा हुन्छ, भावना साझा हुन्छ । ग्राम्य समाज पनि समयसँगै परिवर्तनशील हुन्छ । त्यसैले लोकसाहित्यले समाज रूपान्तरण र अपनत्वमा बढी प्रभाव पार्छ । जनताका पक्षधर भन्नेहरूले समाज रूपान्तरणमा जनजीविकाका तमाम समस्या र त्यसको निराकरणका लागि लोकसाहित्यमार्फत महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । अतः लोकसाहित्य अपठित गाउँले तथा परम्परागत सङ्कीर्णतावादीहरूको साहित्य हो भन्ने सोच रूपान्तरित गर्दै यसका कमीकमजोरी सँच्याउँदै लोकपरिवर्तनका लागि संरक्षण संवर्द्धन गर्न आवश्यक देखिन्छ । रूसी र चिनियाँ क्रान्तिमा लोकसाहित्यको भरपूर प्रयोग भएको पाइन्छ ।

# साँस्कृतिक वलिदान दिवस र इच्छुकको स्मृति सन्देश



परिवर्तनको यात्रामा अघि बढ्ने प्रेरणा र उत्साह दिने दिन हो । इच्छुक साँस्कृतिक प्रतिष्ठानले यही दिवसमा माओवादी आन्दोलनमा संलग्न कला-साहित्यका यात्री, प्रगतिवादका अनुयायीलाई पुरष्कृत गर्दै आएको छ । साँस्कृतिक वलिदान दिवसमा हामीले सहिदलाई सम्झदै, उनका विचारलाई निरन्तरता दिन चाहने सर्जकलाई प्रेरित र उत्साहित गर्छौं, पुरष्कृत र सम्मानित गर्छौं । यसपटक माओवादी आन्दोलनको धारमा समर्पित चार स्रष्टा पुरष्कृत भएका छन् । इच्छुक स्मृति पुरष्कार रु. एक लाखको छ जुन यस पटक संयुक्त रूपमा २ जना स्रष्टालाई प्रदान गरिएको छ । गद्यतर्फका कथाकार/पत्रकार-नवीन विभास र पद्यतर्फका कवि अनिल श्रेष्ठलाई । दुबैले सेनको आदर्शप्रति निष्ठावान् रहिरहने बाटो समातेका छन् । सेनका सपना भुलेका छैनन् र दक्षिणपन्थी विचलनलाई पनि विरोध गरिरहेका छन् । दक्षिणपन्थी हावा-हुरीले धेरै नर्कटलाई ढालिरहेको बेला सतिसाल झैं बनेर सही विचारको पक्षमा उँभिनु पनि एउटा युद्ध नै हो । उनीहरू त्यही संघर्षमा सामेल भइरहेकै छन् । त्यसै गरी इच्छुक प्रतिष्ठानले प्रतिभा पुरष्कारतर्फ साहित्यमा पञ्चकुमारी परियार र कलामा च्याङ्वा योञ्जन 'अनीश'लाई पुरष्कार प्रदान गरेको छ । महिला, त्यसमाथि दलित, त्यसमाथि सत्यको पक्षलाई अनुसरण गर्ने संङ्कल्प बोकेकी भएकोले नै उनको योगदानलाई कदर गर्दै पुरष्कृत गरिएको हो । कलाकार बनेर राजनीतिक सेवागर्ने र सेनको अनुगामी भएर अग्रगामी विचारलाई गीत संगीतमार्फत जनतासम्म पुऱ्याउने दृढ चेतना र क्रान्तिधाराका गतिशील पात्र हुन् 'अनीश' । यसरी चारवटै पात्रमा पुरष्कारको ओज थाम्ने शक्ति देखेर नै उनलाई पुरष्कृत गरिएको हो । यो साँस्कृतिक वलिदान दिवसले इच्छुकको स्मृति, सहिदको सम्मान, पुरष्कार र प्रेरणाको बहुआयामिक मूल्यलाई समेटेको छ । यो दिन बाटो बिराउनेहरूलाई प्रेरणाको दिन बनोस् र सहिदका सपना पूरा गर्ने सङ्कल्प गर्ने दिन बनोस् हामी यही चाहन्छौं ।

'एक सर्वहारावादी क्रान्तिकारी योद्धा, सर्जक र एक महान् सहिदका रूपमा युगले कृष्ण सेनलाई सम्झनेछ । मैले निरन्तर क्रान्तिको दिशामा अघि बढ्ने प्रेरणा स्रोतका रूपमा इच्छुकलाई लिएको छु-प्रचण्ड-इच्छुक स्मृति ग्रन्थबाट' ।

'कमरेड कृष्ण सेन 'इच्छुक' नेपाली नयाँ जनवादी क्रान्ति र साँस्कृतिक आन्दोलनका साथै नेपाली कम्युनिष्ट आन्दोलनका समेत एक महान् क्रान्तिकारी योद्धा तथा आदर्श व्यक्तित्व हुनुहुन्थ्यो-किरण, ऐ.ऐ.बाट' ।

'मैले आफूलाई केमा गौरव ठान्दछु भने मैले उहाँको महान् विचार र व्यवहारमा कतैबाट वाधा पुऱ्याइन, कतैबाट आँच पुऱ्याउने कोसिस गरिन, गलत विचारका विरुद्ध लड्न प्रेरित गरें-तक्मा के.सी,ऐ.ऐ.बाट' ।


यी उद्धरणका आँखाबाट वर्तमानलाई नियाल्दा यी उद्धरण तीन प्रतिनिधि पात्र, तीन प्रतिनिधि विचार र तीन प्रतिनिधि सङ्कल्पका प्रमाण हुन् भन्ने मलाई लाग्छ । सेनको सम्झना कुरामा होइन व्यवहारमा गर्नुपर्छ । प्रचण्ड निरन्तर क्रान्तिको बाटोमा अघि बढिरहने प्रेरणा-स्रोत इच्छुकलाई मान्नु हुन्छ । किरण नयाँ जनवादी क्रान्तिको बाटो देखाउने आदर्श व्यक्तित्वका रूपमा सेनलाई लिनुहुन्छ । तक्मा गलत विचारका विरुद्ध लड्न प्रेरित गर्ने नायकका रूपमा हेर्नु हुन्छ । यी प्रतिवद्धता हुन्-लिखित प्रतिवद्धता । विप्लव र बाबुरामका कुरा छोडौं । यतिखेर को कहाँ, को कहाँको स्थिति छ र माओवादी आन्दोलननै विसर्जनको मोडमा आइपुगेको छ । के माथिका व्यक्तित्वहरू शब्द र कर्मको सामञ्जस्यप्रति निष्ठावान् छन् ? के उनीहरू हिंडिरहेको राजनैतिक बाटोले क्रान्तिकारी आदर्शको इच्छुकले सोंचेको प्राप्तव्यलाई सहयोग गर्दैछ ? वर्तमानले यही प्रश्न आन्दोलनसामु उठाएको छ । सही बाटो, सही विचार, सही प्राप्तव्य र सही गन्तव्यका बारेमा एक पटक घोत्लिनु पर्ने समय फेरि आएको छ । एमाले-काँग्रेसले फेरि देशलाई पुरानै नियतिमा पुऱ्याउने र पुरानै तरिकाले देशखाने बाटो प्रशस्त गरेका छन् र सुरसाको जस्तो भ्रष्टाचारी मुख बाएका छन् । हिंजो हामीले ०४६-०५८ का संसदीय व्यवस्थाका 'दिव्य बाह्र वर्ष'मा त्यो देश खाने सुरसा मुखमा ढुङ्गो कोचिदिएका थियौं तर हाम्रा कमी कमजोरी र गलत विचार र बाटोका कारण उनीहरूले त्यो ढुङ्गो वाक्न सफल भए र फेरि देशखाने अभियान शुरु गरे । हामी कमजोर भयौं । हामीले हाम्रा आदर्श बिर्स्यौं । सहिद बिर्स्यौं । सपना बिर्स्यौं । त्यो सपना विपनामा बदल्ने शक्तिलाई छिन्नभिन्न र तहसनहस बनायौं । बाबुराम विचारबाटै भागे । विप्लव जम्न लागेको वैकल्पिक शक्तिलाई टुक्र्याएर ठूला सपनाभित्र रित्तो दर्शन छाँटेर त्यो शक्तिलाई क्षीण पार्न कस्सिए । प्रचण्ड संसदवादमा लिसो टाँस्सिए झैं टाँस्सिन पुगे र आफ्नो वर्ग र विचारलाई नै बिर्सिए । किरणले त बाटो बिराएका छैनन् तर उनको शक्ति क्षीण र कमजोर छ । केही गर्न नसक्ने जस्तो । दक्षिणपन्थी हावाहुरीले उनलाई भुमरीका वीचमा घेरिदिएको छ । ठेलिदिएको छ । यो चक्र तोड्न सक्ने नसक्ने परीक्षामा छन्-किरण । यस अवस्थामा शब्द र कर्मवीच सामञ्जस्य र लयको बाटो पहिल्याउनु जरुरी भएको छ । माथिका उद्धरणले सबैलाई औंलो ठड्याएका छन् । यतिखेर ध्रुव ज्ञवालीको गीतले भने झैं 'हुँदैन एक्लै बसेर, क्रान्तिका गफ हाँकेर', 'क्रान्तिकारी नेपाल मुक्त बनाइ देऊ' झल्झली याद आइरहेछ । हामीले इच्छुकको सपना पूरा गर्न र विचार आत्मसात् गर्न शब्द र कर्मको मेलमा जोड दिनै पर्छ । इतिहासको प्रश्न पनि यही हो । कहाँ आइ पुग्यौं हामी ? के सोंचेका थियौं ?के भयो ? हाम्रा सारा प्रतिवद्धता के भए ? के सर्वहारा मुक्तभयो ? के देश विस्तारवादको चंगुलबाट मुक्त भयो ? के नयाँ जनवादी क्रान्ति सम्पन्न भयो ? के नयाँ पुँजीवादी युग शुरु भयो त ?यी प्रश्नको जवाफ या त समयलाई दिनु पर्नेछ या माओवादी खरानी भएर बिलाउनेछ । माओवादी आन्दोलनको भयावह अग्निपरीक्षामा यसका सबै नायकले आत्मसमीक्षा गर्लान् त ? आफ्नो अतीत र वर्तमानको समीक्षा गर्दै शब्द र कर्मवीच तालमेल गर्लान् त ?

इच्छुक कर्मशील योद्धा थियो-सर्वहारा वर्गको राज्यसत्ताको सपना बोकेको । भारतीय विस्तारवादको सिकञ्जाबाट मुक्त स्वाधीन नेपालको सपना साँचेको एक निर्भीक र अविचल योद्धा थियो-इच्छुक त ! के हामी त्यो सपनाप्रति पूर्णतः निष्ठावान् छौं ? जेलनेल, यातना, दमन र मृत्युसँग पनि ऊ हारेन, झुकेन र बरु मेटियो तर लत्रेन । समाप्त भयो तर थाकेन । तर अहिले सामान्य स्वार्थमा नेताहरू थाके, गले, हारे । इच्छुकले जीवनभर प्रतिरोध गऱ्यो-वीचैमा छोडेन । हामीले किन छोड्यौं ? उसले कायरतापूर्वक शत्रुका सामु पुच्छर लुकाएर पीठ फर्काएन । पत्रकारका रूपमा शब्दवाण प्रहार गरिरह्यो । कविका रूपमा कविताका शब्दगुच्छालाई बम बनाएर विस्फोट गरिरह्यो । साँस्कृतिककर्मीका रूपमा मान्छेका गलत आचरणविरुद्ध संघर्षशील भइरह्यो । राजनेताका रूपमा सधै सही र क्रान्तिकारी विचारप्रति अडिग रह्यो । ऊ नैतिकवान् योद्धा थियो तर हामी किन अनैतिकताका पुजारी हुन पुग्यौं ? के यी सबै कुरा भन्नका लागि मात्रै हुन्, आदर्शवादी नारा मात्रै हुन् ? एउटा निष्ठावान् कार्यकर्ताका रूपमा सधैभरि क्रान्तिप्रति समर्पित स्वप्नशील जीवन बाँच्ने इच्छुक जति ऊ सरल थियो त्यत्ति दृढ पनि । तर आज हामीभित्रको दृढता व्यावहारिकताका नाममा किन हरायो ? इच्छुक जत्ति इमान्दार थियो त्यत्ति आदर्शशील पनि ? तर आज हाम्रा आदर्श हराउँदै किन गएका छन् ? व्यवहारमा जति नरम भए पनि विचारमा ऊ कठोर र अविचलित थियो ।सिद्धान्तप्रति अटल र आन्दोलनप्रति प्रतिबद्ध इच्छुक त्याग र वलिदानको शिखर झैं भएर उँभियो पनि । एउटा साहसी वीर कर्तव्यनिष्ठ जनउत्तरदायी कम्युष्टि कार्यकर्ताका रूपमा इच्छुकले खेलेको भूमिका सदा अनुकरणीय र अविस्मरणीय रहनेछ । त्यो सम्मानित र श्रद्धेय पनि हुनेछ ।तर वर्गशत्रुहरूले जसरी अहिले सेनका त्याग, वलिदान र उत्सर्गलाई हियाइरहेछन् त्यसका पछि हामी कारक भएर उँभिएका छौं । सेनहरूले रगत चढाएर धर्ती न सिञ्चेको भए शत्रुहरूले गणतन्त्रको मुख देख्न पाउने थिएनन् । गणतन्त्र बैलगाडामा चढेर आउँदैनथ्यो । यो गणतन्त्र रत्नपार्कमा सयदुईसयको लट्ठी तानातानको खेलबाट आएको पनि होइन । गाउँगाउँबाट सेनहरूका आदर्श पछ्याउँदै जीवन हत्केलामा राखेर सहरका गल्ली गल्ली मरिदिने जङ्गलवर्गका योद्धाहरूको त्याग र रगतको प्रतिफल आएको गणतन्त्रले तिनैको उछित्तो काढिरहेछ ।

अन्तमा सेनको स्मृति दिवसको यस अवसरमा साँस्कृतिक क्षेत्रका सबै महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । तिनै सहिदका सपनाले हामीलाई बाँच्ने धुकधुकी प्रदान गरिरहेछ । मृत्यु होइन जीवन रोजौं, सपनाहरू त्याग्नु त मृत्यु रोज्नु नै हो । कृष्ण सेनहरूलाई सम्झेर फेरि अर्को अभियानको थालनी गरौं । ताकि सहिदहरूको त्यो त्याग र उत्सर्गप्रति न्याय होस् ।हामी विसर्जनतिर खसिरहेछौं । नयाँ ढङ्गले सोंच्ने, नयाँ ढङ्गले सङ्गठित हुने र नयाँ आन्दोलन न उठाउने हो भने वलिदानको मूल्य समाप्त हुनेछ ।फेरि निराशाहरू चिरेर पलायनवादका विरुद्ध दृढ विश्वास जगाउन सक्यौं भने सेनहरूको वलिदानको मूल्य बचाउन सकिन्छ ।

## कविता

# चन्द्रागिरि



रामचन्द्र हुमागाईं

*चन्द्रागिरि*
*सदियौंदेखि राजधानीलाई*
*हरियो आलिंगनले लपेटी रहेकी*
*चन्द्रगिरि, रहिनौ अब चन्द्रगिरि ।*
*साहित्यको ऐनाले नख्खुखोर चित्रबाट*
*पश्मितर्फ चिहाउँदा कृष्ण सेनले देखेको*
*त्यो सुन्दर पितामह जस्तै लाग्ने चन्द्रगिरि*
*रहिनौ त्यस्तै अब चान्द्रगिरि ।*
*कङ्क्रिडका गोरेटाहरू नहुँदा*
*उपत्यकामा नशालु कन्याहरू भित्र्याउँदा*
*प्रयोग गरिएका बुटहरू पहिरिएर*
*उत्तर–दक्षिण गरिंदा ऐयासम्म नभनि*
*सहनगर्ने तिमी चन्द्रागिरि*
*रहिनौ अव चन्द्रागिरि ।*
*तिमीलाई उपयोग गर्न,*
*डाँडा–डाँडामा महादेव जन्माउँने*
*तिनै महादेबको आच्पानी छम्किएर*
*स्वर्गमा पदापर्ण गर्ने*
*उद्योगी र व्यापारीहरू मिलेर*
*नेता र कर्मचारीको नशा–नशामा*
*अकूत आम्दानीको कब्जा जमाएकाले*
*अब रहिनौ तिमी चन्द्रगिरि, त्यो चन्द्रगिरि ।*
*तिमी चन्द्रगिरिको अंगअंगमा*
*कोइली कुँहुँ गर्थ्यो*
*मयुरले प्वाख फिजाउँथ्यो*
*गिद्धहरू रुखको टुप्पामा बसेर*
*यि सबै दृश्यहरूलाई गिज्याउँथ्यो*
*बाघ, भालु, मृग र चितुवाहरू*
*रमाउँदै साँझको शिकार खोज्थे*
*मौरी र भ्रमराहरू रसमा रंग खोज्दै*
*गुन्गुनाउँथे र भुन्भुनाउँथे ।*
*रहिनौ अब कृष्ण सेनले तिमीलाई देखेको त्यो*
*सुन्दर चन्द्रगिरि ।*
*अहिलेसम्म त मद्राश र बनारशका*
*पाण्डाहरू गीताको ज्ञानलिन आउँछन्*
*आधुनिक चन्द्रगिरिमा*
*कुन्नी के हुने हो भोलि*
*कतै तिमीले बाइबल पुजारीहरूको भीड*
*थाम्नु पर्ने त होइन ?*
*कठै चन्द्रगिरि ।*

## ट्रम्पको...

राष्ट्रपति ट्रम्प अरु नराम्ररी फस्ने संभावनालाई पनि अहिले नकार्न सकिंदैन ।

**जी७को शीखर सम्मेलन र ट्रम्प**

यो भ्रमणका क्रममा अमेरिकी राष्ट्रपति ट्रम्प सहभागी भएको अन्तिम तथा अति महत्वपूर्ण कार्यक्रम अति विकसित ७ राष्ट्रका प्रतिनिधीहरूका बीचमा हुने जी७को शीखर सम्मेलन थियो । यस समुहमा अमेरिका, क्यानाडा, बेलायत, फ्रान्स, जर्मनी, ईटली र जापान रहेका छन् । जी७को अनुसन्धान समूहका विज्ञ मानिने डक्टर ट्रिस्टेन ए नेलरले यो शीखर सम्मेलनबारे भनेका छन्, "सिसलीको ताओरमिनामा शुक्रबारदेखि सुरुहुने शीखर सम्मेलन अन्तरर्राष्ट्रिय समुदायले अमेरिकालाई उसको संरक्षणवादी अर्थनीति र पर्यावरण सम्बन्धी नीतिलाई प्रस्ट्याउन वाध्य पार्ने पहिलो उपयुक्त अवसर हो ।" यो शीखर सम्मेलनलाइ साम्राज्यवादीहरूले कति महत्वका साथ हेरेका रहेछन् भन्ने कुरा यस भनाईबाट स्पष्ट हुन्छ ।

ताओरमिना शीखर सम्मेलनमा ४ वटा विषय छलफलका मूख्य एजेण्डा थिए । ती हुनः व्यापार, पर्याबरण, आप्रवाशन र "आतंकबाद" । जी७का नेताहरू "आतंकबाद" बाहेक अन्य विषयमा एकमत हुन सकेनन् । कही नभएको जात्रा हांडीगाउंमा भने झै एउटा सम्मेलनका दुइबटा विज्ञप्ति प्रकासित भए । पहिलो २६ मेमा प्रसारित "आतंकबाद" बारेको १५ बुंदे विज्ञप्ति र अर्को थियो उपरोक्त मूल विषय लगायत अन्य विषयलाई समेटेर तयार पारिएको २७मेमा प्रसारित ३९ बुंदे विज्ञप्ति । शरणार्थी तथा आप्रवासन र व्यापार सम्बन्धी विषयमा यो दोस्रो विज्ञप्ति गोलमटोल भाषामा तयार पारिएको छ । विज्ञप्तिका अन्य बुंदामा सहमति भएको देखाए पनि २०१५मा पेरिस सम्मेलनले पारित गरेको संझौतामा भने ट्रम्पले हस्ताक्षर गरेनन् । एक सातापछि यसको जवाफ दिने भनेर उनी त्यहाँबाट पन्छिए । उक्त संझौतामा यस भन्दा अगाडि अमेरिकाले समर्थन जनाएको थियो ।

यसरी, जी७ सम्मेलन पनि सजिलो रहेन । शरणार्थी, आप्रवासन र व्यापारका विषयमा एउटै विज्ञप्ति निकाले पनि त्यहा गहिरो एकता थिएन भन्ने कुरा स्पष्ट छ । रुस तथा चीन जस्ता अन्य प्रतिस्पर्धीहरूका बारे एउटै धारणा बनाउन सफल भए पनि जी७का नेताहरू बीच पारस्पारिक एकता भने निर्माण हुन सकेन । जी७ सम्मेलनमा पनि ट्रम्प एकातिर र वांकी अर्कोतिर भएर एउटा गंभीर अन्तरविरोधपूर्ण स्थिति पैदा भयो । नेटो र जी७को सम्मेलनहरूमा पारस्पारिक अन्तरविरोधको स्थितिमा खासै फरक देखा परेन ।

**निस्कर्ष**

नेटो हुदै जी७को शीखर सम्मेलन सम्म आईपुग्दा साम्राज्यवादीहरूका बीचको अन्तरविरोध छताछुल्ल भएको स्पष्ट देखिन्छ । यो प्रक्रियामा समाबेश नभएको रुसले यो लेख तयार पार्दासम्म केही बोलेको थाह पाईएको छैन । तर, चीनले भने जी७को संयुक्त विज्ञप्तिको कडा विरोध जनाई सकेको छ । परराष्ट्र मन्त्रालयका प्रवक्ता लुकाङ्गले आज आईतबार सबेरै एउटा वक्तव्य निकालेर अन्तरराष्ट्रिय कानुनको हवाला दिंदै जी७को शीखर सम्मेलनले ईस्ट चाईना सी र साउथ चाईना सी माथि हस्तक्षेप गरेको छ भनी चिनीया अनलाईन पत्रिका ग्लोबल टाईम्सले समाचार लेखेको छ । यो सबै कुराले के स्पष्ट गर्दछ भने विश्व यतिबेला बहुध्रुवमा विभाजित भएको छ र ती ध्रुवहरूका बीचका आपसी अन्तरविरोधहरू पनि चर्केर गएका छन् ।

यसरी विश्वमा एकातिर साम्राज्यवादी शक्तिहरूका बीचमा अन्तरविरोध चर्किरहेको छ भने अर्कोतिर उत्तर कोरियाले अमेरिकामाथि आणविक हमला गर्ने धम्की पनि दिईरहेको छ । यसका साथै ट्रम्प र सलमान जस्ता मूर्खहरूको जोडीले मध्यपूर्वमा युद्ध भडकाउन गरेको कसरत बारे पनि यो लेखमा माथि नै उल्लेख गरि सकिएको छ । यी अन्तरविरोधका कारण मध्यपुर्वमा वा उत्तर कोरियामा वा दुवै क्षेत्रमा युद्ध भडकिने र रुस तथा चीन लगायतका सबै साम्राज्यवादी शक्तिहरू पनि ती युद्धमा तानिने संभावनालाई नजरअन्दाज गर्न सकिन्न । यति बेला विश्वमा तेस्रो विश्व युद्धको बादल मडारिई रहेको छ ।

यो साम्राज्यबाद तथा सर्बहारा क्रान्तिको युगमा साम्राज्यवादीहरूका बीचको अन्तरविरोध चर्किनु भनेको सर्बहारा क्रान्तिका लागि अनुकुल परिस्थितिको निर्माण हुनु हो । वस्तुगत परिस्थिति अनुकुल हुदै गए पनि क्रान्तिकारीहरूको आत्मगत स्थिति भने विश्वभरी र नेपालमा पनि निकै कमजोर छ । यो स्थितिमा मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्ने क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले सचेत प्रयत्न मार्फत आत्मगत स्थितिको निर्माणमा जोड दिनु पर्दछ । यही नै क्रान्तिकारी कम्युनिस्ट माथि परिस्थितिले सुम्पेको जिम्मेदारी हो ।

*जेठ १४, २०१७*

## भारतमा...

हुन्छ र आगामी दिनमा नयाँ संक्रमणका घटनाहरू आउन सक्छन् ।' डब्लुएचओले गत वर्ष जिका संक्रमणलाई अन्तर्राष्ट्रिय आपतको अवस्था भन्दै स्वास्थ्य संकटकाल घोषणा गरिएको थियो । सो स्वास्थ्य संकटकाल ९ महिनासम्म जारी रहेर गत नोभेम्बरमा हटाइएको थियो । सन् २०१४ मा ब्राजिलमा भएको विश्वकपपछि फैलिएको जिका भाइरसका कारण ३० देशमा अविकसित मस्तिष्कसहितका बच्चा जन्मिएका थिए । एडिस एजिप्टाई लामखुट्टेको टोकाईबाट सर्ने गर्दछ भने यौन सम्पर्कबाट समेत जिका भाइरस सर्ने गर्दछ । संक्रमित मानिसमा हल्का ज्वरो आउने, चिलाउने, अत्याधिक टाउको दुख्ने, जोर्नीमा अध्याधिक पिडा हुनेगरी दुख्नेजस्ता लक्षण देखा पर्दछन् । यसको असर दुई देखि सात दिनसम्म रहन सक्छ । जिका भाइरस संक्रमण भएका पाँच जना मध्ये एक जनामा मात्रै लक्षण देखिने गर्दछ भने यसबाट मृत्यु नगन्यमात्र हुने गर्दछ । विश्व स्वास्थ्य संगठनले जारी गरेको विज्ञप्तिमा गत वर्षको फेब्रुअरी महिनामा १० देखि १६ तारिखबीच रगतका ९३ नमुना जाँच गरेको र यसमध्ये ६४ वर्षका एक पुरुषमा जिका भाइरस फेला परेको जनाइएको छ । त्यसपछि ९ नोभेम्बरमा ३४ वर्षकी एक महिलाले बच्चा जन्माएको र अस्पतालमा नै हल्का ज्वरो आएको र परीक्षणमा उनमा पनि जिका भाइरस पाइएको छ । त्यसलगत्तै अर्की ३७ साताकी गर्भगरी २२ वर्षीय महिलामा पनि जिका भाइरसको संक्रमण पाइएको हो ।

## क्रान्तिकारी...

उल्लेख्य सहभागिता रहेको थियो ।

प्रभातफेरी पछि आयोजित कोण सभामा बोल्दै पत्रकार सेनकी जीवन संगिनी तक्मा केसीले सेनका हत्यारालाई कारबाही गर्न थप आवाज उठाउनुपर्ने र संगठित भएर जानुपर्नेमा जोड दिइन् ।

केसीले जनपक्षीय पत्रकारहरूले इच्छुकका सपना र आदर्श विर्सन नहुने भन्दै आमूल परिवर्तनका पक्षधरहरूले इच्छुकका सपना र आर्दशलाई जीवन पद्धतिमा ढाल्नुपर्ने आवश्यकता औल्याइन् ।

नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र विष्टले नेपाली पत्रकारिता जगतले जनपक्षीय पत्रकार कृष्ण सेन 'इच्छुक' लाई कहिल्यै विर्सन नसक्ने बताए । देशमा लोकतन्त्र र गणतन्त्रको स्थापना तथा प्रेस स्वतन्त्रताका पक्षमा सेनले पुऱ्याएको योगदान सधैं स्मरणीय रहने उल्लेख गरे ।

क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले कृष्ण सेन ' इच्छुक' महान आदर्शबाट कहिल्यै पनि बिचलित नहुने बताउँदै सेनका सपना साकार पार्नका लागि संगठन सधैं क्रियाशील रहने उल्लेख गरे ।

सेनलाई सम्झिइरहँदा आफूले आफैंलाई हेर्नुपर्ने र समीक्षा गर्नुपर्ने अवस्था सिर्जना भइरहेको भन्दै उनले सेनको आदर्शबाट बिचलित हुनेहरू क्रान्तिकारी बन्न नसक्ने र त्यो महान आदर्श र लक्ष्यलाई चुम्न नसक्ने उल्लेख गरे ।

प्रेस सेन्टरका उपाध्यक्ष गोबिन्द आचार्यले सेनको आदर्श रक्षाका लागि सबै एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए । कार्यक्रममा प्रेस सेन्टरका उपाध्यक्ष बलराम थापा, प्रेस चौतारीका उपाध्यक्ष विश्वमणि सुवेदी, क्रान्तिकारी पत्रकार संगठनका अध्यक्ष प्रभात चलाउने, प्रेस सोसाइटीका केशव अर्याल, आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का अध्यक्ष डन्ड गुरुङ लगायतले सेनको व्यक्तित्व र पत्रकारितामा सेनको योगदानको चर्चा गरेका थिए ।

कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष महेन्द्र विष्टले स्वर्गीय पत्रकार कृष्ण सेन इच्छुककी पत्नी तक्मा केसीलाई प्रशंसा पत्र सहित दोसल्ला ओडाएर सम्मान गरे ।

कार्यक्रमा जनयुद्धको बेला सिन्धुलीबाट बेपत्ता पारिएका पत्रकार चित्रनारायण श्रेष्ठकी पत्नी सावित्री श्रेष्ठ र जनयुद्धका घाइते पत्रकार दिपेन्द्र रावललाई कृष्ण सेन स्मृति पत्रकारिता पुरस्कार २०७४ समेत प्रदान गरिएको थियो ।

यसैबीच, क्रान्तिकारी पत्रकार महासंघ नवलपरासीले समेत कृष्ण सेन 'इच्छुक' को स्मृति दिवसका अवसरमा मध्यविन्दु अस्पतालमा विरामीलाई फलफूल वितरण गर्नुका साथै अस्पतालकै प्राङ्गणमा स्मृति सभाको आयोजना गरेको थियो । सो कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य अशोक लम्साल ' अनुकुल', क्रान्तिकारी पत्रकार महासंघका केन्द्रिय सचिव रामकुमार श्रेष्ठ, नेपाल पत्रकार महासंघ नवलपरासीका अध्यक्ष होमराज रानाभाटलगायतको सहभागिता रहेको थियो ।

यस्तै क्रान्तिकारी पत्रकार महासंघका देशैभरका जिल्ला समितिहरूले समेत कृष्ण सेन 'इच्छुक' को स्मृति दिवसका अवसरमा विभिन्न कार्यक्रम गरेका छन् ।

## भण्डाफोरको...

स्पष् पार्दै उनले भने, 'निर्वाचनमा गएर हामीले धेरै कुरा सिकेका छौं, हारेका सिपाहीले धेरै सिक्छन् भन्ने लेनिनको भनाईलाई आत्मसात गर्नु जरुरी छ ।'

पार्टीका हरेक योजना कार्यान्वयनका लागि संगठन चाहिने उल्लेख गर्दै उनले संगठनलाई बलियो बनाउन सकेमात्रै निर्वाचनलाई उपयोग या बहिस्कार प्रभावकारी बनाउन तथा क्रान्तिलाई अघि बढाउन सकिने बताए ।

उनले पार्टीका तर्फबाट उम्मेदवार बनेर जनताको घरघरमा पुग्ने उम्मेदवारहरूलाई धन्यवाद ज्ञापन समेत गरे । उनले उम्मेदवारहरूलाई चुनावमा विजय वा पराजयलाई नहेरी पार्टीका काममा निरन्तर लाग्न निर्देशन समेत दिए ।

रुसमा लेनिनको पार्टीले संविधान सभाको निर्वाचनमा पराजय बेहोरेको उदाहरण दिंदै उनले संसदीय चुनावले विजय वा पराजयको निर्धारण नगर्ने स्पष्ट पारे ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का सचिवालय सदस्य तथा नेवाः राज्य संयोजक दिनेश शर्मा 'सागर' ले निर्वाचनमा जित हार भन्दा पनि जनताको घरदैलोमा आफ्ना एजेन्डालाई पुऱ्याउन सक्यौं या सकेनौं भन्ने कुरालाई मूल्यांकनको मापदण्ड बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) को संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चाको तर्फबाट स्थानीय तहको निर्वाचनमा उम्मेदवार बनेका काठमाडौं र ललितपुरका महानगरपालिका, नगरपालिका र गाउँपालिकाका मेयर/अध्यक्षका उम्मेदवारहरूले निर्वाचन अभियानका क्रममा देखिएका चुनौतीसहितको रिपोर्टिङ राखेका थिए ।

सो कार्यक्रममा उपत्यकाका विभिन्न महानगर तथा नगरपालिकाका मेयरका उम्मेदवारहरू गोर्की श्रेष्ठ, शारदा महत, विष्णु कार्की, बद्री चापागाईं, केशर प्रधान, देवीप्रसाद अधिकारी, श्याम केसी, विजय खड्गी, अर्जुनलाल श्रेष्ठ, श्रीकृष्ण सुलुलगायतले प्रनिधिमूलक रिपोर्टिङ राखेका थिए ।

सो कार्यक्रमको अध्यक्षता पार्टीका सचिवालय सदस्य तथा देजमोका कार्यालय सदस्य पवनमान श्रेष्ठले गरेका थिए भने संचालन पार्टी तथा देजमोका केन्द्रीय सदस्य हरिकृष्ण गजुरेलले गरेका थिए ।

## क्रान्तिका...

हामी तयार नै थियौं, तर किन र के का लागि एकता गर्ने, क्रान्तिका लागि कि बाँडीचुडी खानका लागि ? त्यस्तो एकताको पक्षमा हामी छैनौं ।'

"इच्छुकको आदर्श भनेको वर्ग चेतनाको आदर्श हो । त्यसको मर्म भुल्नेहरूले उहाँलाई सम्मान गरेको ठहर्दैन । क्रान्तिका लागि वर्ग दुश्मन ठोस गर्नुपर्छ । काँग्रेस-एमालेजस्ता प्रतिक्रियावादी शक्तिसँग तालमेल गरेर क्रान्ति कसरी हुन्छ ? पहिले वर्गदुश्मन ठोस गरौं, अनी बहस गरौं ।" माओवादी केन्द्रतर्फ लक्षित गर्दै भने ।

माओवादी आन्दोलनबाट आएको ठूलो पंक्ति नै क्रान्तिको आदर्शबाट बिचलित भएको र वर्ग दुश्मन छुट्याउँन नसक्दा क्रान्तिको गतिमा अवरोध उत्पन्न भएको उनको भनाई थियो ।


देशका प्रतिक्रियावादी र संसदवादी दलाल शक्ति विरुद्ध अबको आन्दोलनलाई केन्द्रित गर्नुपर्नेमा उनले जोड दिए । इच्छुकका आदर्शलाई पछ्याउनु नै उनीप्रतिको सच्चा श्रद्धाञ्जली हुने उनको भनाई थियो ।

कार्यक्रममा 'इच्छुक स्मृति पुरस्कार-२०७४' कवि अनिल श्रेष्ठ र पत्रकार नविन विभासलाई संयुक्त रूपमा प्रदान गरिएको छ । इच्छुक स्मृति पुरस्कारको राशी एक लाख रहेको छ ।

यसैगरी इच्छुक प्रतिभा पुरस्कार साहित्यतर्फ खोटाङकी पञ्चकुमारी परियारलाई दिइएको छ भने कलातर्फको इच्छुक प्रतिभा पुरस्कार सिन्धुपाल्चोक चौताराका च्याङ्वा योन्जन 'अनिस' लाई प्रदान गरिएको छ । यी दुवै पुस्कारको राशी २५/२५ हजार रहेको छ ।

इच्छुक स्मृति पुरस्कार पाएका अनिल श्रेष्ठले भने आफूले पाएको ५० हजार राशीको पुरस्कार इच्छुक सांस्कृतिक प्रतिष्ठानमा इच्छुक संग्रहालय निर्माणका लागि प्रतिष्ठानका अध्यक्ष इश्वरचन्द्र ज्ञवालीलाई हस्तान्तरण गरे ।

कार्यक्रममा इच्छुककी जीवन संगिनी तक्मा केसी, छोरीसहित साहित्यिक क्षेत्रमा विशिष्ट योगदान दिएका व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।



**सातको दुर्वाच्य...** रामचन्द्र हुमागाई



# प्रचण्डको दाह्रा नंग्रा संसद्वादीहरूले उखेले

जेठ ८ । प्रधानन्यायाधिश सुशीला कार्की आफूमाथि अनावश्यक महाअभियोग थोपरिएपछि कुनै सार्वजनिक कार्यक्रममा पनि गएकी छैनन् । आज भएको अख्तियार प्रमुखको सपथग्रहण कार्यक्रममा पनि गइनन् । भावी प्रधानन्यायाधिश गोपाल पराजुलीलाई पठाइन् । उनी पूर्व ने.वि.संघका कार्यकर्ता भएको कारणले भावी प्रधानमन्त्री पनि पूर्व ने.वि.संघ कै सभापनि हुन लागेकोले यसो गरेको त होइन ? रानजीतिमा खुल्दुली चलेको छ ।

जेष्ठ ९ । मधेशी दलका नेताहरूले दिनभरी वालुवाटामा विताईदिएपछि प्रचण्डले राजिनामा दिनै पाएनन् । उता लैनचौरको प्रतिक्षा गरिरहेका नेतारूलाई नयाँ पन्जावी राजदूतले, 'म राजनीतिक कुरा गर्दिनँ' भन्दै फकाईदिएपछि मधेश केन्द्रित नेताहरू रुझेको विरालो जस्ता भएका छन् ।

जेठ १० । आज प्रचण्डले राजीनामा दिने नयाँ बाटो रोजे । एमालेले सदन अवरुद्ध गर्ने भएकाले पकेटका टि. वि. क्यामराहरू जम्मा गरेर भएपनि आफ्नो अभिष्ट त पूराभयो । इमान्दारिताको नाममा कांग्रेसलाई सत्ता हस्तान्तरण गरेको कतिपय माकेजनलाई चित्त बुझेनछ । प्रचण्ड-देउवाको साँठगाँठ बढेपछि माकेमा पहिरो जान थालेको छ ।

जेठ ११ । प्रचण्डको राजीनामालाई अनेकथरी टिप्पणी गरेको पाइयो । कसैले भने, 'पहिलोपटक प्रधामन्त्री हुँदा प्रचण्डको साथमा बाबुराम र बैद्य थिए, त्यसैले उनी हिम्मतिला थिए । अहिले सबैले प्रचण्डलाई छाडिसकेका छन्, त्यसैले मरेको विरोलो काखी च्यापेर काँशी जाने बाटो खोज्दै हिंडेका थिए । यही मौका पारेर राजीनामा दिएका हुन् । इमान्दारिता भन्ने कुरा त श्यालको सिंङ जस्तो मात्रै हो । कसैकसैले त यसो पनि भनेको सुनियो, 'दोश्रो संविधानसभाको निर्वाचनमा बाँकी रहेको नैतिकता पनि स्थानीय निर्वाचनमा चिप्लिएपछि इमान्दारिताले प्राथमिकता पाएको हो । कतिपय ठाउँमा त यस्तो पनि सुन्न पाइयो, 'प्रचण्डका जुँगा, नङ्ग्रा, दाह्रा र चुरिफुरि सबै संसदवादीहरूले फुकालेर फालिसकेका छन्, त्यसैले आफ्नै टाउकोको मूल्य तोक्नेसँग गर्धन मिलाएर हिड्नाको परिणम पनि हो' ।

जेठ १२ । लामै समय नेपालको वामपन्थी राजनीतिमा जीवन विताएका खोटाङ्ग निवासी दिपेन्द्र राइले, 'नेपालमा धेरै कम्युनिस्ट राजनीतिक पार्टी भए, जनताको मत ६६% छ तर मुलुक हाँक्ने अर्कै हुन्छ । त्यसैले यि कम्युनिस्ट पार्टीरूलाई महासंघीय प्रणालीमा लैजानु राम्रो होला' भन्ने विचार पस्किएछन् । कुरा त राम्रै हो तर कुन कम्युनिस्ट नेताको गर्दनमा कसले घण्टी बाँध्ने ? अलिकति मौका मिल्यो कि संसदीय दलदलमा पसिहाल्छन् । आखिर जे गरे पनि पैसाकै लागि गर्ने हो । होइन भने केशरजँग रायमाझी देखि प्रचण्डसम्म आउँदा कतिठाउँमा ठेस लाग्यो ? यसको खेलाजोखा हुनु पर्ने कि नपर्ने ?

जेठ, १३ । क्रूर मानिसहरूले कलमको चोट सहन नसकेर 'जनयुद्धलाई सहयोग पुऱ्याएको' भन्दै गिरफ्तार गरी तत्कालिन महेन्द्र पुलिस क्लवमा निहत्था कलमजीवी कृष्णसेन 'इच्छुक' लाई बुट प्रहार गरेर हत्या गरिएकोमा उनको सहादतलाई बलिदान दिवसको रूपमा मनाउने क्रममा क्रान्तिकारी कित्ताका सम्पूर्ण पत्रकार र साहित्यकारहरूले वलिदानका रूपमा मनाए । अघिल्ला वर्षहरूभन्दा भव्य रूपमा मनाइएको यो दिवसले विशेष महत्व राख्छ कि भन्ने अनुमान गरिएको छ ।

जेठ १४ । कामचलाउ प्रधानमन्त्री पुष्पकमल दाहालले बहुचर्चित फाष्टट्र्याकको सिलान्यास गरे । नेपाली सेनाले निर्माण गर्ने जिम्मा लिएको हुनाले अब त यो फाष्टट्र्याट बन्छ कि भन्ने आशा पलाएको छ । तर, भारतले यो बाटो बन्न दिन्छ कि दिंदैन, दिएन भने के हुन्छ ? यो प्रश्न अनुत्तरित नै छ ।

# संघीय गठबन्धनले चुनावमा भाग नलिने भन्दै गऱ्यो आन्दोलनको घोषणा

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपाल सहितको संघीय गठवन्धनले दोस्रो चरणको चुनावमा भाग नलिने भन्दै आन्दोलनको घोषणा गरेको छ । स्थानीय तहको संख्या बृद्धि सहमति अनुसार नभएको, तीन बुंदे सहमती अनुसार संविधान संशोधन नगरिएको र पूर्व सहमति अनुसार मुद्दा फिर्ता नलिइएको भन्दै उसले आन्दोलनको घोषणा गरेको हो ।

सरकारले भने राजपा नेपाललाई चुनावमा सहभागी गराउन भन्दै केही दिन अघि मात्रै २२ स्थानीय तह थप गरेको थियो र बिराटनगर र वीरगञ्जलाई महानगर र २४ गाउँपालिकालाई नगरपालिका बनाउने निर्णय गरेको थियो । तर, गठवन्धनले आफूसँग भएको सहमति कार्यान्वयन नभएको भन्दै चुनावमा सहभागी नहुने अडान लिएको छ ।

राजपा नेपाललाई दलीय चुनाव चिन्ह दिनुपर्ने, मतदाता नामावलीमा छुटेकाहरुको नाम समावेश गर्नुपर्ने लगायतका माग पुरा भए चुनावमा जाने पनि बताएको छ ।

गठबन्धनको शुक्रबार बसेको बैठकले आफ्ना मागहरु पुरा गराउन १३ गते उपमहानगर र नगरपालिकामा मसाल जुलुस प्रदर्शन, १४ गते लाठी जुलुस र १६ गते निर्वाचन कार्यालयमा तालाबन्दी गर्ने लगायतका कार्यक्रमको घोषणा गरेको छ भने १९ गतेको उम्मेदवारी दर्तालाई अवरोध गर्न १८ र १९ गते मधेस, थारुहट र लिम्बुवान बन्दको आह्वान समेत गरेको छ ।

निर्वाचन आयोगले थप गरिएको स्थानीय तहमा निर्वाचन गराउन नसक्ने बताएको भोलीपल्ट राजपा सहितको संघीय गठबन्धनले घोषणा गरेको आन्दोलन र सर्वोच्च अदालतले शुक्रबार नै स्थानीय तहको संख्या थप्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको पृष्ठभूमिमा ३१ जेठमा घोषित स्थानीय तहको दोस्रो चरणको निर्वाचन अन्यौलता तर्फ धकेलिएको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# संसदीय निर्वाचनको कुरूपता


नगेन्द्र राई

स्थानीय तहको पहिलो चरणको निर्वाचन छिटफुट घटनाको वाबजुद सम्पन्न भएको छ। यसले सरकार र निर्वाचन आयोग हौसिएको छ। निर्वाचन सम्पन्न गर्नका लागि चुनौतीको रूपमा राज्यले मधेशमा सी.के. राउत, मधेशी मोर्चा र नेकपा विप्लवलाई लिएको थियो । मधेशी मोर्चामा विवाद भै अब मधेशी मोर्चा नरहेको अवस्था छ । उपेन्द्र यादव पार्टी र राजपा दुई पार्टीको रूपमा अब रहन गएको छ । उपेन्द्र यादव निर्वाचनमा सहभागी भैसकेको छ भने राजपा अहिले पनि बहिष्कारमा छ । सी.के. राउत सरकारकै कब्जामा छ भने नेकपा विप्लवले देखिने खालको बहिष्कारको प्रतिक्रिया पनि देखाउन सकेन । यसरी निर्वाचनमा राज्यले ठूलो चुनौती सामना गर्नु परेन तर दोस्रो चरणको निर्वाचन केही तनावपूर्ण हुने संकेत राजपा र संघीय गठबन्धनले संविधान संशोधन नगरी निर्वाचनमा सहभागी नहुने निर्णय गरेकोले देखिएको छ ।

संविधान संशोधनको डेटलाइन जेष्ठ ४ गतेको संसदले गर्ने भन्ने सरकारसँगको भद्र सहमति रहेको थियो तर जेष्ठ ४ गतेको संसदमा त्यसले विषय प्रवेश नै पाएन र प्रचण्डले राजीनामा दिइसकेको अवस्थामा छ । ९ महिनासम्मको आन्दोलनकारी शक्तिहरूलाई भुल्याउन प्रचण्ड सफल भए । यस बीचमा पहिलो चरणको स्थानीय तहको निर्वाचन गर्ने समेत सफल भए । अब दोस्रो चरणको निर्वाचन देउवा नेतृत्वका ने.का., मा.के.को सरकारले गराउनुपर्ने छ, यो निर्वाचन चुनौतीपूर्ण छ । प्रथम चरणको निर्वाचनको परिणाम हेर्दा संसदभित्र पुरानो र ठूला दलकै वर्चश्व देखिन्छ । परिणाम सहज ढंगले आएको छैन जनताले यी दलहरूलाई विश्वास गरेर मतदान गरेका होइन । यस्तो परिणाम ल्याउनका लागि एमाले, कांग्रेस र माकेले पुरानै शैली साम, दाम, दण्ड, भेद, प्रसस्त मात्रमा गेरेको देखिन्छ । १ वडामा २० लाख खर्च गरेको देखिन्छ । लोभ लालचमा मतदातालाई प्रभावित बनाएको देखिन्छ, त्यसका साथै संसदभन्दा बाहिरका दलहरूलाई निर्वाचन चिन्ह नदिने नयाँ दललाई दल दर्ता नगराउने जस्तो संविधान र जनताका मौलिक हक विपरीत गई आफूभन्दा अरुलाई निषेध गरेर निर्वाचन गराएको कारणले पनि उनीहरूले यो हात पार्न सफल भएको छ । लोकतन्त्र भन्ने संविधानको सर्वोच्चता कुरा गर्ने तर अलोकतान्त्रिक असम्बैधानिक क्रियाकलाप गर्ने, यो केवल षडयन्त्र जालझेलको फल मात्र हो । वास्तविक जनताको मन जितेर भएको छैन । त्यसैले यो जीतको औचित्य पुष्टी हुन सक्दैन । निर्वाचनमा उनीहरूको पोल्टामा परिणाम आउनुको पछाडि जनताको विश्वास जित्न सक्ने वैकल्पीक राजनैतिक शक्तिको अभाव पनि हो । संसद भित्र रहेका साना दलहरू वैकल्पिक शक्ति हुन सक्दैन । तामझामका साथ स्थापना गरेका नयाँ शक्ति पनि हुन सक्दैन । अपेक्षाकृत परिणाम हासिल गर्न सकेन भने राप्रपा यस निर्वाचनमा नराम्ररी पराजित भएको छ तर यो स्वाभाविक हो उसको मत यहि नै हो । किन संविधान सभाको निर्वाचनमा एक भोट दाईलाई, एकभोट गाईलाई एकभोट बाछी, एक भोट गाछी भनेर हिन्दुवादी राजावादी एमाले, कांग्रेसले राप्रपालाई समानुपातिक भोट हालेका थिए । तर यसपालि त्यस्तो भएन । परिणामतः राप्रपा पराजित भयो । यसले के निश्कर्षमा पुगिन्छ भने अब राप्रपाको एजेण्डा सन्दर्भपूर्ण रूपमा समाप्त भयो । र, पराम्परागत शक्तिको अस्ताएको शुभसंकेत देखा पर्दछ र अहिले राप्रपाको जे परिणाम आएको छ, त्यसले आगामी प्रदेश र संघीय संसदमा झन सकिने छ र अब राष्ट्रिय पार्टीको रूपमा पनि आउन नसक्ने देखिन्छ ।

हामीले सर्सती हेर्दा यस निर्वाचनमा परम्परागत प्रतिगामी, यथास्थितिवादी, प्रतिक्रियावादी शक्ति र प्रगतिशिल अग्रगामी शक्ति गरी तीन प्रकृतिको राजनैतिक विचारको प्रतिस्पर्धा भएको छ । यसमा परिणामको हिसाबले हेर्ने हो भने यथास्थितीवादी प्रतिक्रियावादीको विजय भएको देखिन्छ । परम्परागत शक्ति र अग्रगामी शक्तिको हार भएको देखिन्छ । पराम्परागत शक्तिको हार एजेण्डाको संगठन शक्तिको पनि हार हो तर अग्रगामी शक्तिको त्यस्तो होइन । हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले समर्थन गरेको देशभक्त जनगणतान्त्रिकका उम्मेद्वारहरूको पराजित हुनु स्वभाविक नै हो । हामीले यो निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने भनेका थियौं । त्यो भनेको यो प्रतिक्रियावादी संसदीय व्यवस्था र यसका संचालक प्रतिक्रियावादी पूँजीवादीहरूको भण्डाफोरको लागि हो । त्यस विषयमा मोर्चाले केही कमि कमजोरीको बावजुद जनता माझ पुगेर आफ्ना एजेण्डाका साथ भण्डाफोर गर्न सफल भएकै छ ।

हाम्रो उद्देश्य अनुसार जुन रूपमा व्यापक भण्डाफोर हुनुपर्ने, जनपरिचालन गर्नुपर्ने, उचित समयमा नीति निर्माण र निर्देशन, बृहत सहकार्य उचित तालमेत, विरोधीहरूबीचको अन्तरविरोध, स्थानीय विशेषताको आधारमा, संसदवादीहरूको विपक्षमा जनमतको गोलबन्द गर्ने कार्यलाई समय अभावका कारण गर्न सकिएन । यद्यपि हामीले भण्डाफोर मार्फत् संगठन निर्माणको आधार तयार गर्ने उद्देश्य केही हदसम्म हासिल गरेका छौं । हामीले यो अवसरको सदुपयोग गरेका छौं । हामीले हाम्रो राजनैतिक लक्ष्य हासिल गर्नको लागि जनता माझ जाने हरेक अवसरहरूलाई उपयोग गर्नुपर्छ । निर्वाचनको परिणामले त्यस्तो ठुलो तत्विक भिन्नता राख्दैन र क्रान्तिकारीहरू यो परिणामबाट निराश हुनुपर्ने जरुरी छैन ।

# देजमो रूपन्देहीले १६ वटै स्थानीय तहमा उम्मेदवारी दिने

बुटवल । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले रूपन्देहीको १६ वटै स्थानीय तहमा उम्मेदवारी दिने भएको छ । स्थानीय निर्वाचनलाई क्रान्तिकारी उपयोगको नीति लिएको मोर्चाले उम्मेदवारी दिनको लागि अन्तिम तयारी गरेको जनाएको छ । रूपन्देहीको एक उपमहानगरपालिका, पाँच नगरपालिका र दश गाउँपालिकाका गरी १६ स्थानीय तहमा मोर्चाले उम्मेदवारी दिन लागेको हो ।

जेष्ठ ३१ गते हुने दोस्रो चरणको निर्वाचनको मिति नजिकिदैं जाँदा मोर्चाले उम्मेदवार चयन र चुनावी प्रचार अभियानलाई तीब्र पारेको हो । मोर्चाले सबैं तहको उम्मेदवारी तय गरिसकेको र दुई-तीन दिनभित्र बुटवलमा पत्रकार सम्मेलन गरी उम्मेदवारी सार्वजनिक गर्ने नेकपा (क्रान्तिकारी माओवादी)का अवध राज्य समितिका इन्चार्ज समेत रहेका नेता प्रेमनाथ सुवेदीले जानकारी दिए ।

अहिले मोर्चाले उम्मेदवार सार्वजनिक नगरे पनि चुनावी प्रचार अभियान, घरदैलो, जनभेटघाट, भेला, बैठक जस्ता गतिविधिलाई अगाडि बढाइएको नेता सुवेदीले बताए । पहिलो चरणमा निर्वाचान नभएपछि केही सेलाएको गतिविधि दोस्रो चरणको निर्वाचन हुनेभएपछि मोर्चाले आफ्नो चुनावी अभियान थप तीब्र बनाएको जनाएको छ । यसअघि मोर्चाले पहिलो र दोस्रो चरणमा आफ्नो चुनावी अभियान सम्पन्न गरिसकेको जनाएको छ । नेकपा (क्रान्तिकारी माओवादी)ले आफ्नो बैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नामबाट चिर्वाचनमा भाग लिन लागेको हो ।



# देजमो तेह्रथुमले गऱ्यो उम्मेदवारहरुको घोषणा

धनकुटा । स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोग गरेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल तेह्रथुमले जिल्लाको आठराई गाउँपालिकाको अध्यक्षमा सुवास फोम्बोलाई अगाडि सारेको छ भने ४ नं. वडा अध्यक्षमा चन्द्र खबास र ३ नं. वडा अध्यक्षमा सेर बइङनामलाई उम्मेदवार बनाएको छ । त्यसैगरी लालिगुराँस नगरपालिकाको मेयरमा नेरेन्द्र सुब्बालाई उठाउने भएको छ भने छथर गाउँपालिका अध्यक्षमा अनिल पाक्सावालाई अगाडि सारेको छ । यता म्याङलुङ नपामा तारक तुम्बाहाङ्फेले उम्मेदवारी दिएका छन् भने वडा नं. ९ को अध्यक्षमा यामप्रसाद फुदोङले उम्मेदवारी दिएका छन् । पार्टीका केस केवि फुदोङले दिएको जानकारी अनुसार जिल्लाका अन्य तह र वडामा पनि उम्मेदवारहरुको चाँडै टुंगो लगाइने छ ।

# उदयपुरको देजमोले छनौट गऱ्यो उम्मेदवार

गाईघाट । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल उदयपुरले जिल्लाका सबै स्थानीय तहमा उम्मेदवार छनौट प्रक्रियालाई तीव्र पारेको छ । प्राप्त जानकारी अनुसार जिल्ला सदरमुकाम समेत रहेको त्रियुगा नगरपालिकाको मेयरमा मदन खड्कालाई उठाउने भएको छ भने चौदण्डी नगरपालिकाको मेयरमा हिरा मगरलाई अगाडि सारेको छ । उपमेयरमा इन्द्र श्रेष्ठलाई उठाउने भएको छ । बाँकी रहेका स्थानीय तहमा पनि उसले छनौट प्रक्रियालाई चाँडै टुंग्याइने बताएको छ ।

# देजमो ओखलढुंगाले पनि गऱ्यो उम्मेदवारहरुको घोषणा

ओखलढुंगा । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ओखलढुंगाले जिल्लाका सबै स्थानीय तहमा उम्मेदवारी दिने भएको छ । हाम्रा सहकर्मी विएन श्रेष्ठले दिएको जानकारी अनुसार जिल्लाको खिजिदेम्बा गाउँपालिका प्रमुखमा देजमोले पेमडोमा शेर्पालाई अगाडि सारेको छ भने चिसंखुगढी गाउँपालिकामा तेञ्जिङ शेर्पालाई अध्यक्षमा उठाउने भएको छ । यता चम्पादेवी गाउँपालिकाको अध्यक्षमा निर्माण कुमार कार्कीको उम्मेदवारी घोषणा गरिएको छ भने मोलुङ गाउँपालिकाको अध्यक्षमा रुद्र कुमार फुयाललाई उठाइएको छ ।

देजमो ओखलढुंगाले बाँकी स्थानमा चाँडै उम्मेदवारहरुको टुंगो लगाउने तयारी गरिरहेको छ । जनयुद्धको प्रक्रियाबाट खारिएर आएका स्थानीय स्तरमा स्थापित पात्रहरुलाई उम्मेदवारको रुपमा अगाडि सारेको हुनाले ओखलढुगामा देजमो जनताको पहिलो रोजाइमा पर्ने देजमो ओखलढुंगाले दावी गरेको छ ।












**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।